# वातावरण संरक्षण नियमावली, २०७६

वातावरण संरक्षण ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "वातावरण संरक्षण नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "अभिलेख" भन्नाले ऐनको दफा २९ को उपदफा (२) बमोजिम सम्बन्धित निकायले तयार गरेको अभिलेख सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६" सम्झनुपर्छ ।

(ग) "कार्य सूची" भन्नाले प्रतिवेदन तयार गर्नको लागि नियम ५ बमोजिम स्वीकृत कार्य सूची सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले ऐनको दफा ३१ बमोजिम स्थापना गरिएको वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

(ङ) "तोकिएको निकाय" भन्नाले अनुसार प्रस्तावसंग सम्बन्धित नेपाल सरकारका मन्त्रालय सम्झनुपर्छ । सो व्याक्यांशले प्रदेश तहका मन्त्रालयलाई समेत जनाउनेछ ।

(च) "निरीक्षक" भन्नाले ऐनको दफा २१ को उपदफा (१) र (२) बमोजिम नियुक्त वा तोकिएको वातावरण निरीक्षक सम्झनुपर्छ।

(छ) "प्रयोगशाला" भन्नाले ऐनको दफा १८ बमोजिम स्थापना गरिएको वा तोकिएको प्रयोगशाला सम्झनुपर्छ ।

(ज) "सञ्चालक समिति" भन्नाले नियम ३५ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(झ) 'सम्बन्धित निकाय' भन्नाले ऐन वा यस नियमावलीमा उल्लेखित कामसंग सम्बन्धित नेपाल सरकारको कुनै मन्त्रालय सम्झनु पर्छ र यो वाक्यांशले प्रदेशस्तरको मन्त्रालयलाई समेत जनाउनेछ ।

(ञ) "क्षतिपूर्ति" भन्नाले नियम ४१ बमोजिमको क्षतिपूर्ति सम्झनु पर्छ ।

(ट) "क्षेत्र" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि नियम ४ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद २

## वातावरणीय अध्ययन

**३. संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेः** (१) ऐनको दफा ३ को उपदफा (१) अनुसार प्रस्तावकले अनुसूची-१ मा उल्लेख भएका प्रस्तावहरूको संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-३ मा उल्लेख भएका प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम सङ्घको अधिकार क्षेत्रभित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माणसम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजनासम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए प्रस्तावसंग सम्बन्ध रहेको सम्बन्धित निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रस्तावसंग सरोकार राख्ने सम्बन्धित निकाय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) अनुसारका वहुउद्देश्यीय आयोजना समावेश भएको एकीकृत प्रस्तावको लागि प्रस्तावकले प्रस्तावको प्रत्येक आयोजनासंग सम्बन्धित निकायहरुको राय समावेश गरी एकीकृत प्रस्ताव पेश गर्नु पर्नेछ ।

**४. वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण (स्कोपिङ्ग) गर्नु पर्नेः** (१) ऐनको दफा ५ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनको लागि दश दिनको अवधि तोकी राष्ट्रियस्तरको कुनै एक दैनिक समाचारपत्रमा अनुसूची-४ मा तोके बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ र सूचना प्रकाशन भएको तीन दिनभित्र प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकार राख्ने अन्य संस्थाहरुमा सो सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्बन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिनभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ । यसरी राय सुझाव दिनेले त्यसको जानकारी प्रस्तावसंग सम्बन्धित निकायलाई समेत दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकले सो प्रस्तावको कार्यान्वयनबाट वातावरणको के कस्तो क्षेत्रमा कस्तो प्रभाव पर्दछ सो उल्लेख गरी अनुसूची-५ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन स्वीकृतिका लागि प्रस्तावसंग सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि प्रस्तावसंग सम्बन्धित निकायले निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी क्षेत्र निर्धारणको प्रतिवेदन सम्बन्धमा आफ्नो राय प्रतिवेदनमा समावेश गरी स्वीकृतिका लागि सिफारिस सहित दश दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम क्षेत्र निर्धारणको प्रतिवेदन प्राप्त भएमा मन्त्रालयले संलग्न कागजात जाँचबुझ तथा प्रतिवेदन पुनरावलोकन गरी प्रस्तावित वा संशोधित रूपमा क्षेत्र निर्धारणको प्रतिवेदन विभागको राय समेत समावेश गरी पन्ध्र दिनभित्र स्वीकृत गर्नुपर्नेछ ।

**५. संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि कार्य सूची स्वीकृत गर्नु पर्नेः** (१) ऐनको दफा ५ को उपदफा (१) अनुसार संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि क्रमशः अनुसूची-६ र अनुसूची-७ बमोजिमको ढाँचामा कार्य सूची बनाई प्रस्तावसंग सम्बन्धित निकाय समक्ष पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

(२) ऐनको दफा ५ को उपदफा (२) अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि नियम ४ बमोजिम मन्त्रालयले स्वीकृत गरेको क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा अनुसूची-८ बमोजिमको ढाँचामा कार्य सूची बनाई सो कार्यसूची मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

तर कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको प्रतिवेदन तयारीको लागि नियम ४ बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची बनाई नेपाल सरकारको सम्बन्धित निकाय मार्फत एकै पटक पठाएमा मन्त्रालयले विभागको राय समावेश गरी एकै पटक क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची स्वीकृत गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कार्यसूची स्वीकृत गर्दा प्रस्तावको प्रकृति अनुसार सम्बन्धित निकाय वा मन्त्रालयले त्यस्तो कार्यसूचीलाई पुनरावलोकन गरी प्रस्तावित वा संशोधित रूपमा पन्ध्र दिनभित्र स्वीकृत गर्न सक्नेछ ।

**६. मापदण्ड एवं गुणस्तर कायम गर्नु पर्नेः** (१) ऐनको दफा ६ को उपदफा (१) अनुसार प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न प्रस्तावको प्रकृति अनुसार अनुसूची-९ मा तोकिए बमोजिमका विज्ञहरु समावेश गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमका विज्ञहरु समावेश भएका अध्ययन दलले संक्षिप्त वातावरणीय अध्ययनको लागि अनुसूची-१०, प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची-११ र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि अनुसूची-१२ बमोजिमका ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) अनुसारको ढाँचामा तयार पारिएको प्रतिवेदनहरु र प्रस्तावको कार्य सूची तथा क्षेत्र निर्धारण प्रतिवेदन समेत नेपाली भाषामा तयार गर्नु पर्नेछ ।

**७. संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि प्रतिवेदन तयार गर्नेः** (१) प्रस्तावकले नियम ५ बमोजिम स्वीकृत भएको कार्य सूचीको आधारमा नियम ६ को उपनियम (२) बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनको लागि दश दिनको अवधि तोकी स्थानीयस्तरको कुनै एक दैनिक समाचारपत्र र विद्युतीय संचार माध्यममा सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ र सूचना प्रकाशन भएको तीन दिनभित्र प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकार राख्ने अन्य संस्थाहरुमा सो सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्बन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिनभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ । सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा उपयुक्त राय सुझाव समेतलाई प्रतिवेदनमा समावेश गर्नु पर्नेछ । यसरी राय सुझाव दिनेले त्यसको जानकारी सम्बन्धित निकायलाई समेत दिन सक्नेछ ।

(४) ऐनको दफा ३ को उपदफा (५) अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने प्रभावित क्षेत्रहरुमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ । यस्तो सार्वजनिक सुनुवाईको उपस्थिति र निर्णयको अभिलेख, तस्वीर तथा श्रव्य-दृश्य सामाग्री प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ । यस्तो

सार्वजनिक सुनुवाई गर्दा प्रस्तावद्वारा प्रभावित स्थानीय, आदिवासी जनजाति, धार्मिक समुदाय, वन उपभोक्ता समूह र स्थानीय तहका निर्वाचित पदाधिकारीहरुलाई समेत सहभागी गराउनु पर्नेछ ।

(५) सार्वजनिक सुनुवाईमा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने जनसमुदायको बढीभन्दा बढी उपस्थिति गराउनु पर्नेछ। यस्को लागि प्रस्तावकले प्रस्तावको वातावरणीय प्रभावको विषयमा सार्वजनिक सुनुवाईको समय, स्थान र विषयमा व्यापक प्रचारप्रसार गर्न स्थानीय सञ्चार माध्यम (स्थानीय पत्रिका, रेडियो, एफ.एम, सार्वजनिक सूचना टाँस आदि) गर्नु पर्नेछ ।

(६) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कुनै प्रस्तावको क्षेत्र निर्धारण र कार्य सूची स्वीकृत भई सकेको दुई वर्षभित्र सोसम्बन्धी प्रतिवेदन तोके बमोजिमको प्रक्रिया र ढाँचामा तयार गरी स्वीकृतिको लागि प्रस्तावसंग सम्बन्धित निकाय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ । अन्यथा प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची पुनःस्वीकृत गराउनु पर्नेछ । यो व्यवस्था संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा समेत लागु हुनेछ ।

(७) कुनै प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची स्वीकृतिको प्रक्रियामा रहेको वा स्वीकृत भएको तर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश भई नसकेको अवस्थामा सो प्रस्तावको प्रभावित क्षेत्रबाहेक कुनै विषयमा परिवर्तन आउने भएमा परिवर्तन हुने विषय र त्यसको प्रभावलाई समेत प्रस्तावकले क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृतिको प्रक्रियामा रहेको अवस्थामा क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूचीमा तथा क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची स्वीकृत भएको अवस्थामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरी पेश गर्नु पर्नेछ । संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणसंग सम्वन्धित प्रस्तावको हकमा पनि यही व्यवस्था लागु हुनेछ ।

८. **प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेः** ऐनको दफा ७ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले नियम ७ बमोजिम तयार भएको प्रतिवेदनको पन्ध्र प्रति र स्थानीय तह तथा प्रस्तावले प्रभाव पार्ने विषयगत कार्यालय समेतको सिफारिश समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ । प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा नियम ७ को उपनियम (२) बमोजिम प्रकाशित सूचनाको म्याद समाप्त भए पश्चातको मिति र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा नियम ७ को उपनियम (४) अनुसारको सार्वजनिक सुनुवाई सम्पन्न भएको मिति पश्चात् अनुसूची-१३ बमोजिमको ढाँचामा सिफारिस पत्र समावेश गर्नु पर्नेछ ।

९. **प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेः** (१) नियम ७ को उपनियम (१) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो प्रतिवेदन जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा

संक्षिप्त वातावरणीय अध्ययनमात्र गरे हुने प्रस्तावको सम्बन्धमा परिष्कृत र पूर्ण प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र आफैले स्वीकृति दिनेछ । तर ऐनको दफा ७ को उपदफा (३) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन जाँचबुझ गर्दा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न प्रस्तावकलाई आदेश दिन सक्नेछ ।

(२) नियम ८ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो प्रतिवेदन जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे हुने प्रस्तावको सम्बन्धमा परिष्कृत र पूर्ण प्रतिवेदन प्राप्त भएको मितिले एक्काईस दिनभित्र आफैले स्वीकृति दिनेछ । तर ऐनको दफा ७ को उपदफा (३) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण जाँचबुझ गर्दा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गर्न प्रस्तावकलाई आदेश दिनु पर्नेछ ।

(३) नियम ८ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सो प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि मन्त्रालयले राष्ट्रियस्तरको कुनै एक दैनिक समाचारपत्र र मन्त्रालयको वेब साईटमा सार्वजनिक सूचना प्रकाशन गरी सो प्रतिवेदन आफैले उतार गरी लैजान वा अध्ययन गर्नको लागि सर्वसाधारणलाई दश दिनको समय दिनेछ । सो प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भएमा त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिनभित्र सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नो राय सुझाव सम्बन्धित निकायमा पठाई सक्नु पर्नेछ ।

(४) ऐनको दफा ७ को उपदफा (२) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनको लागि सम्बन्धित निकायले प्रस्तावसंग सम्बन्धित क्षेत्रका विषय विज्ञ समेत रहेको एक सुझाव समिति गठन गर्न सक्नेछ । समितिले आवश्यक देखेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरी आवश्यक तथ्याङ्क संकलन गरेर प्रस्ताव उपर सुझाव दिन सक्नेछ ।

(५) ऐनको दफा ७ को उपदफा (२) बमोजिम सुझाव समितिको गठन भएमा उपनियम (४) बमोजिम समितिलाई व्यहोर्नु पर्ने सम्पूर्ण खर्चको जिम्मेवारी प्रस्तावकको हुनेछ ।

(६) उपनियम (३) बमोजिम कुनै राय सुझाव प्राप्त भएमा सो राय सुझाव र ऐनको दफा ७ को उपदफा (२) बमोजिम कुनै समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा सम्बन्धित निकायले सो प्रतिवेदन स्वीकृत गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम स्वीकृति दिँदा सम्बन्धित निकाय समक्ष परिष्कृत र पूर्ण प्रतिवेदन प्राप्त भएको मितिले एक्काईस दिनभित्र दिई सक्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिमको म्यादभित्र विशेष कारण परी स्वीकृति दिन नसकेमा सम्बन्धित निकायले उक्त समय समाप्त भएको मितिले दश दिनभित्र प्रतिवेदन स्वीकृत गर्नेछ ।

**स्पष्टिकरण** "परिमार्जित र पूर्ण प्रतिवेदन" भन्नाले प्रतिवेदनका सम्वन्धमा प्राप्त भएका उपयुक्त सुझावहरु एवम् संलग्न गर्नुपर्ने संम्पूर्ण कागजात तथा विषयहरू समावेश भएको र पूरा गर्नु पर्ने सबै प्रक्रियाको पालना गरी लेखाइमा प्रष्टता, भाषागत शुद्धता र प्राविधिक दृष्टिकोणले उपयुक्त प्रतिवेदन भन्ने सम्झनु पर्दछ ।

**१०. रणनीतिक वातावरणीय विश्लेषणः** (१) नेपाल सरकारको सम्बन्धित मन्त्रालयले ऐनको दफा ९ को उपदफा (१) अनुसार रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्ने नीति, कार्यक्रम वा आयोजनाको सूची तयार गरी नेपाल राजपत्रमा प्रकाशनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ र नेपाल सरकार (मन्त्रिपरिषद्) ले नेपाल सरकारका विषयगत मन्त्रालयहरुसंग समन्वय गरी रणनीतिक वातावरणीय विश्लेषण गर्ने छनौट भएका नीति, कार्यक्रम वा आयोजनाको सूची नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूची तयार गरी नेपाल राजपत्रमा प्रकाशन गर्नु अघि त्यस्ता नीति, कार्यक्रम वा आयोजनाको विषयमा राष्ट्रिय योजना आयोगबाट सहमति प्राप्त गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम प्रकाशित सूचीको आधारमा सम्बन्धित मन्त्रालयले दुई महिनाभित्र क्षेत्र निर्धारण प्रतिवेदन तयार गरी सहमतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) रणनीतिक वातावरणीय विश्वेषणका लागि आवश्यक्ताका आधारमा सम्बन्धित मन्त्रालयले विज्ञहरुको समिति गठन गरी प्राविधिक परामर्श लिन सक्नेछ ।

(५) उपनियम (३) बमोजिम प्राप्त क्षेत्र निर्धारण प्रतिवेदन उपर अध्ययन गरी मन्त्रालयले एक महिनाभित्र प्रस्तावित वा संशोधित रुपमा सहमति प्रदान गर्नु पर्नेछ ।

(६) उपनियम (३) र (५) अनुसार स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्वेषणको प्रतिवेदन तयार गरी राष्ट्रिय दैनिक पत्रिकामा तीस दिनको म्यादभित्र प्रतिवेदनका उपर राय सुझाव दिनका लागि सूचना जारी गर्नु पर्नेछ र आफ्नो वेव साइटमा सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपनियम(६) बमोजिम प्रकाशित प्रतिवेदनको विषयमा कसैको राय सुझाव भए तीस दिनभित्र सम्वन्धित मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

(८) उपनियम (३) बमोजिम गठित समितिको राय सुझाव र उपनियम (७) बमोजिम प्राप्त राय प्रतिकृयाको सम्बोधन गरी रणनीतिक वातावरणीय विश्वेषण प्रतिवेदन स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्नु अघि सो रणनीतिक वातावरणीय विश्वेषण प्रतिवेदनका विषयहरूमा मन्त्रालयको सहमति लिनु पर्नेछ र मन्त्रालयले

यसरी प्राप्त प्रतिवेदन उपर अध्ययन गरी एक महिनाभित्र प्रस्तावित वा संशोधन सहित सहमति दिई सक्नु पर्नेछ ।

(१०) उपनियम (८) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्वेषण प्रतिवेदन प्राप्त भएको तीन महिनाभित्र नेपाल सरकार (मन्त्रिपरिषद्) ले प्रस्तावित वा संशोधित रूपमा स्वीकृत गर्न सक्नेछ ।

(११) उपनियम (१०) बमोजिम स्वीकृत गर्नु पूर्व नेपाल सरकार (मन्त्रिपरिषद्) ले आवश्यक ठानेमा विज्ञहरुको कार्यदल बनाई सो कार्य दलबाट सुझाव लिन सक्नेछ ।

(१२) रणनीतिक विश्लेषणसम्बन्धी आधार तथा सिद्दान्तहरु अनुसूची-१४ मा उल्लेख भए बमोजिम हुनेछ ।

११. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेः** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना अनुसूची-१०, अनुसूची-११ र अनुसूची-१२ मा तोके बमोजिमको हुनेछ ।

**१२. पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अध्ययन अनुमति दिन सक्नेः** (१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सम्बन्धित निकायले देहायका अवस्थामा सो प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अध्ययन अनुमति दिन सक्नेछ ।

(क) आयोजनाको कुनै भौतिक संरचनात्मक एकाई फेरबदल वा स्थानान्तरण गर्दा, डिजाइन वा स्वरुप परिवर्तन गर्दा र आयोजनाको क्षमता वृद्धि गर्दा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित प्रभावित क्षेत्रभित्र पर्ने भएमा,

(ख) स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित वन क्षेत्रको दश प्रतिशतभन्दा बढी क्षेत्र थप हुने भएमा,

(ग) अन्य परिवर्तित संरचना वा एकाईको कारणले एक सय जनासम्म जनसङ्ख्याको स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गर्नु पर्ने अवस्था भएमा ।

तर अन्य परिवर्तित संरचना वा एकाईको कारणले एक सय जनाभन्दा बढी जनसङ्ख्याको स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्नु पर्ने अवस्थामा तथा आयोजनाको प्रभावित क्षेत्र परिवर्तन भएमा पुनः वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त कुनै प्रस्तावको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा प्रस्तावकले क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गराउने प्रक्रिया बाहेकका यस नियमावलीले तोके बमोजिम अन्य सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा सो प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि मन्त्रालयले राष्ट्रियस्तरको कुनै एक दैनिक समाचारपत्र र मन्त्रालयको वेब साईटमा सार्वजनिक सूचना प्रकाशन गरी सो प्रतिवेदन आफैले उतार गरी लैजान वा अध्ययन गर्नको लागि सर्वसाधारणलाई सात दिनको समय दिनेछ । सो प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भएमा त्यसरी सूचना प्रकाशन भएको मितिले सात दिनभित्र सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नो राय सुझाव सम्बन्धित निकायमा पठाई सक्नु पर्नेछ ।

(४) नियम १२ को उपनियम (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कनमा केही भौतिक पूर्वाधार, डिजाईन, क्षमता वा स्वरुप परिमार्जन गर्ने, संरचना स्थानान्तरण वा फेरवदल गर्ने भए तापनि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने अवस्था नदेखिएमा तथा आयोजनाको क्षमता घटेमा र रुख कटान सङ्ख्यामा थपघट गर्नु पर्ने भएमा सम्बन्धित निकायले सो प्रस्तावको नियम ११ बमोजिमको वातावरणीय व्यवस्थापन योजना स्वीकृतिको गर्न सक्नेछ ।

(५) एक पटक स्वीकृत भकेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा समेत परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने गरी नियम १२ बमोजिम खण्ड (क), (ख) र (ग) को अवस्था आइपरेमा परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण गर्न सक्निेछ ।

**१३. प्रतिवेदन पालना गर्नु पर्नेः** (१) प्रस्तावकले स्वीकृत प्रतिवेदन अनुसार प्रस्ताव कार्यान्वयन गर्दा प्रतिवेदनमा उल्लेख भए बमोजिमका कुराहरू र सम्बन्धित निकायले तोकिदिएका शर्तहरू अनिवार्य रूपले पालना गर्नु पर्नेछ ।

(२) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिदेखि बढीमा दुई वर्षभित्र आयोजना कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ । सो अवधिभित्र आयोजना कार्यान्वयन प्रारम्भ नगर्ने प्रस्तावकले पुनः वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद ३

## प्रदूषण नियन्त्रण

**१४. प्रदूषण नियन्त्रण सम्बन्धी व्यवस्थाः** (१) प्रदूषण नियन्त्रणका सम्बन्धमा ऐनको दफा १५ मा भएका व्यवस्थाहरुको अतिरिक्त निम्न व्यवस्थाहरु अवलम्बन गर्नु पर्नेछः

(क) प्रदूषण नियन्त्रण सम्बन्धमा स्थानीय तहले प्रदूषणको प्रकृति अनुसार कुहिने, पुनःप्रयोग र पुनःचक्रण गर्न सकिने फोहोरहरु वर्गीकरण गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(ख प्रदूषण नियन्त्रणका लागि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै स्थान बिशेष तोकी निश्चित पदार्थ इन्धन औजार यन्त्र वा उपकरणको प्रयोग वा वातावरणमा प्रतिकूल असर पार्ने अन्य कृयाकलापहरुमा रोक लगाउन सक्नेछ । साथै मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निश्चित पदार्थको आयात तथा प्रयोगमा परिणात्मक बन्देज समेत लगाउन सक्नेछ ।

(ग) सम्बन्धित निकायले जाँचबुझको सिलसिलामा वा ऐनको दफा ३६ बमोजिम उजूरी परी जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन र यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेको वा फोहरमैला निष्कासन गरेको देखिएमा त्यस्तो व्यक्ति, संस्था वा उद्योगलाई सम्बन्धित निकायले त्यस्तो शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्कासन नगर्नको लागि तुरुन्त सूचना गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम सम्बन्धित व्यक्ति, संस्था वा उद्योगलाई सूचना दिँदा देहायका कुनै वा सबै काम तुरुन्त गर्नु भनी समयावधि तोकी सम्बन्धित निकायले आदेश दिन सक्नेछः-

(अ) प्रदूषण नियन्त्रण गर्ने वा फोहरमैला निष्कासन नगर्ने सम्बन्धमा तुरून्त अवलम्बन गर्नु पर्ने कुराहरू,

(आ) कुनै उपकरण वा साधन प्रयोग गर्ने, सञ्चालन गर्ने वा त्यस्तो उपकरणमा सुधार गर्ने,

(इ) प्रयोग वा सञ्चालन गरिएका कुनै वा सबै उपकरण प्रयोग वा सञ्चालन नगर्ने,

(ई) निश्चित अनुगमन कार्यक्रम अवलम्बन गरी आफू समक्ष प्रतिवेदन पेश गर्न लगाउन,

(उ) प्रदूषण नियन्त्रण गर्ने तथा फोहरमैला निष्कासन नगर्ने विभिन्न किसिमका वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

(ऊ) वातावरण व्यवस्थापन प्रणाली विकसित गरी सो को जानकारी दिन लगाउन,

(ए) प्रदूषणको नियन्त्रण तथा फोहरमैला निष्कासन सम्बन्धी कार्यमा रोक लगाउने विषयमा उपयुक्त सम्झेको अन्य कार्य गर्न लगाउन ।

(२) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरीत फोहरमैला निष्काशन नगर्ने सूचना गर्दा पनि फोहरमैला निष्कासन गरेको कारणले वातावरण तथआ सर्वधारणमा प्रतिकूल असर पर्न गएमा सम्बन्धित निकायले आफ्नै खर्चमा त्यस्तो फोहरमैला हटाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित निकायले कुनै ठाउँबाट फोहरमैला हटाउँदा लागेको खर्च र सो काम गरे वापत खर्चको पच्चीस प्रतिशत थप गरी रकम त्यस्तो फोहरमैला निष्कासन गर्ने व्यक्ति, संस्था वा उद्योगसँग प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

**१५ जोखिमपूर्ण पदार्थको निकासी र पैठारीः** (१) ऐनको दफा १६ उपदफा (२) को व्यवस्थाबाहेक कुनै पनि प्रकारका जोखिमपूर्ण फोहोर अन्य मुलुकबाट आयात गर्न पाइने छैन ।

(२) जोखिमपूर्ण पदार्थको निर्यातका लागि जोखिमपूर्ण पदार्थको सीमापार ओसारपसार नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा उल्लेखित प्रावधानहरुको पालना गर्नुपर्नेछ ।

(३) जोखिमपूर्ण पदार्थ निर्यातका लागि निर्यातकर्ताले मन्त्रालयबाट अनुमति लिनुपर्नेछ र सोको लागि उक्त पदार्थ आयात गर्ने मुलुकको सम्बन्धित निकायको सहमति आवश्यक पर्नेछ ।

**१६ जोखिमपूर्ण पदार्थको व्यवस्थापनः** (१) जोखिमपूर्ण पदार्थको मुलुकभित्र संकलन, भण्डारण, प्रशोधन, विक्रिवितरण, विसर्जन, ओसारपसार गर्ने व्यक्ति वा संस्थाले सो कार्य गर्नुपूर्व विभागबाट अनुमति लिनुपर्नेछ र सोका लागि अनुसुची-१६ मा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पेश हुन आएमा विभागले आवश्यक जाँचवुझ गरी अनुमति दिन उपयुक्त देखिएमा आवश्यक शर्त तोकी अनुसूचि-१७ मा उल्लेख भए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने अनुमतिपत्रको म्याद दुई बर्षको हुनेछ र सो अवधि सकिए पश्चात नवीकरण गर्नुपर्नेछ ।

(४) अनुमति लिई जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, विक्रिवितरण, विसर्जन वा ओसारपसार गर्ने व्यक्ति वा संस्थाले अनुसूचि-१८ मा तोकिए बमोजिमको ढाँचामा विवरण तयार गरी प्रत्येक आर्थिक वर्ष सकिएको तीस दिनभित्र विभागमा पेश गर्नु पर्नेछ । विभागले सोको जानकारी मन्त्रालयलाई समेत गराउनु पर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्ति वा संस्थाले तोकिएका शर्तहरु पालना नगरेको वा जोखिमपूर्ण पदार्थको उचित व्यवस्थापन नगरेको पाइएमा विभागले उक्त व्यक्ति वा संस्थालाई उपयुक्त सम्झेको आदेश दिन सक्नेछ र सो आदेशको पालना समेत नगरेको अवस्थामा सो व्यक्ति वा संस्थालाई ऐन बमोजिमको दण्डसहित उपनियम (२) बमोजिम दिइएको अनुमति-पत्र विभागले खारेज गर्न सक्नेछ ।

**१७. प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापनः** (१) ऐनको दफा १८ को उपदफा (१) बमोजिम निजी तथा गैरसरकारी क्षेत्रमा स्थापना तथा सञ्चालन भएका प्रयोगशालाहरू तोक्दा मान्यता प्राप्त (accredited) प्रयोगशालाहरू मात्र तोकिनेछन् ।

(२) उपनियम (१) बमोजिम तोकिएको प्रयोगशालाहरुले वातावरणको संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायबाट परीक्षण गर्न अनुरोध गरिएका चिज वा वस्तुलाई प्राथमिकता दिई परीक्षण गर्नु पर्नेछ र विशेष किसिमको प्रदूषण फैलिएको कारणबाट

वातावरणमा गम्भीर असर पर्न गएको देखिएमा मन्त्रालयले तोकि दिएको समयावधिभित्र त्यस्तो प्रदूषण सम्बन्धमा जाँच गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रदूषण जाँच गर्ने प्रविधि नभएका प्रयोगशालाले सम्बन्धित निकाय वा मन्त्रालयको अनुरोधमा विदेश स्थित प्रयोगशालाबाट त्यस्तो प्रदूषणको जाँच गराउनु पर्नेछ ।

१८. **अर्को प्रयोगशालाबाट जाँच गराउन सकिनेः** सम्बन्धित निकाय वा मन्त्रालयले एउटा प्रयोगशालाबाट जाँच भएको प्रदूषणको स्तर आवश्यकतानुसार अर्को प्रयोगशालाबाट समेत जाँच गराउन सक्नेछ ।

१९. **प्रयोगशालाबाट गरिएको जाँच प्रकाशन गर्न सक्नेः** सम्बन्धित निकाय वा मन्त्रालयले यस नियमावली बमोजिम प्रयोगशालाबाट जाँच गराएको प्रदूषणको स्तर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ ।

२०. **प्रयोगशालाको सूची अद्यावधिक राख्नु पर्नेः** मन्त्रालयले सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना भएका गुणस्तरयुक्त प्रयोगशालाहरूको सूची तयार गरी अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

२१. **नमूना संकलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्वलेषण सम्बन्धी व्यवस्थाः** (१) सम्बन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन हुने वा हुन सक्ने प्रदूषण तथा फोहोरमैलाको समय समयमा अध्ययन, जाँच परीक्षण वा विश्वलेषण गरी वातावरणीय अवस्थाको स्थिति यकीन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पादनको लागि सञ्चालित उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणहरूबाट आवधिक रुपमा नमूनाहरू संकलन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सम्वन्धित निकालयले गरेको नमूना संकलनको ऐनको दफा १८ वमोजिम तोकिएका प्रयोगशालाबाट परीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नमूनाको परीक्षण र विश्वेषण पश्चात् सोको नजिताको अद्यावधिक गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउनु पर्नेछ ।

(५) नमूना परीक्षण नजिताको संवेदनशीलताको आधारमा प्रकाशन, प्रसारण समेत गर्न सकिनेछ ।

२२. **प्रदूषण नियन्त्रण प्रमाण-पत्र सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २० बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र प्राप्त गर्न चाहने उद्योगले सो उद्योगको बिस्तृत कार्य/प्रकृया, प्रदूषणका स्रोतहरुतथा प्रदूषण नियन्त्रणका लागि अपनाइएका उपायहरु सम्बन्धी विवररण तयार गरी मन्त्रालयमा आवेदन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आवेदन गर्दा सो उद्योगबाट निष्कासन हुने फोहोर पानी, धुवाँधुलो तथा ध्वनि पछिल्लो तीन महिनाभित्र परीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ र यसरी परीक्षण गर्दा नेपाल सरकारले लागू गरेकामध्ये सो उद्यगलाई लागू हुने मापदण्डहरु सबै पूरा गरेको हुनुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम आवेदन प्राप्त भएपश्चात मन्त्रालयले एक टोली गठन गरी उद्योगको स्थलगत अनुगमन गराई सो उद्योगले प्रदूषण नियन्त्रण गरेको वा नगरेको यकीन गर्नु पर्नेछ । यस क्रममा आवश्यतानुसार सो टोलीले उद्योगबाट निष्कासन भएको फोहोर पानी, धुवाँधुलो तथा ध्वनिको मात्रा पुनः परीक्षण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थलगत अनुगमन पश्चात सो टोलीले उद्योगको संचालनबाट वातावरणमा प्रतिकूल असर परेको वा नपरेको सम्बन्धमा मन्त्रालयमा यकीन राय सहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनको आधारमा मन्त्रालयले सो उद्योगलाई सशर्त वा निशर्त दुई वर्ष अवधिको लागि अनुसूची-१९ बमोजिमको प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ ।

(६) प्रदूषण नियन्त्रण प्रमाणपत्र प्राप्त गरेका उद्योगले प्रदूषण नियन्त्रण प्रमाणपत्र प्राप्त गरेको मितिले एक बर्षभित्र फोहोरपानी, धुवाँ,धुलो तथा ध्वनिको मापन गरी मन्त्रालय र विभागमा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिमको परीक्षण प्रतिवेदनमा फोहोरपानी धुवाँ, धुलो र ध्वनिको मात्रा तोकिएको मापदण्डभन्दा बढी पाइएमा सो उद्योगले तीन महिनाभित्र आवश्यक सुधार गरी फोहोर पानी, धुवाँ, धुलो र ध्वनिको मात्रा तोकिएको मापदण्डभित्र ल्याउनु पर्नेछ र सोको परीक्षण प्रतिवेदन मन्त्रालय र विभागमा पेश गर्नुपर्नेछ ।

(८) उपनियम (६) र (७)बमोजिम परीक्षण प्रतिवेदन पेश नगरेमा वा उपनियम (७) बमोजिम तीन महिना पश्चात पनि फोहोरपानी धुवाँ, धुलो र ध्वनिको मात्रा तोकिएको मापदण्डभन्दा बढी पाइएमा सो उद्योगले प्राप्त गरेको प्रदूषण नियन्त्रण प्रमाणपत्र मन्त्रालयले खारेज गर्नेछ ।

(९) दुई वर्ष पश्चात प्रदूषण नियन्त्रण प्रमाणपत्रको म्याद समाप्त भएपछि उद्योगले यही नियम बमोजिमको प्रकृया अपनाई पुनः प्रदूषण नियन्त्रण प्रमाणपत्र प्राप्त गर्न सक्नेछ ।

(१०) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निश्चित प्रकारका उद्योगहरुलाई निश्चित समयसीमा तोकी प्रदूषण नियन्त्रण प्रमाणपत्र अनिवार्य गर्न सक्नेछ ।

(११) विभागले यस नियम बमोजिम प्रमाण-पत्र पाएका उद्योगहरूको नामावली अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

**२३. वातावरण निरीक्षक सम्बन्धी व्यवस्था** (१) वातावरण निरीक्षक पदमा नियुक्ति हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता निजामती सेवाको सम्बन्धित सेवा समूहसम्बन्धी नियमहरूमा उल्लेख भएबमोजिम हुनेछ ।

(२) ऐनको दफा २१ को व्यवस्था अनुसारको कार्य सम्पादनको लागि सम्बन्धित निकायले वातावरण निरीक्षक तोक्दा दफा २१ को उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको कार्य गर्न देहाय बमोजिमको योग्यता भएको अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछः

(क) वातावरण विज्ञान, वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्गमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त वा

(ख) सिभिल इन्जिनियरिङ्ग, आर्किटेक्चरल इन्जिनियरिङ्घ, मेकानिकल इन्जिनियरिङ्ग वा केमिकल इन्जिनियरिङ्गमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त वा

(ग) दिगो विकास व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि तथा पशु विज्ञान वा वन विज्ञानमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त वा

(घ) भूगोल, भौतिक, रासायनिक वा जीव विज्ञानमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त वा

(ङ) हाइड्रोलोजी, जनसंख्या व्यवस्थापन, समाज शास्त्र वा मानव शास्त्रमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त वा

(च) वातावरण विषय लिएर कानूनमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त वा

(छ) स्रोत अर्थ शास्त्रमा स्नातक वा स्नातकोत्तर उपाधिको डिग्री प्राप्त ।

(३) ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कार्य गर्ने वातावरण निरीक्षक तोक्दा देहाय बमोजिमको योग्यता भएको कम्तीमा रा.प.अनं. प्रथम वा सो सरहको कर्मचारीलाई तोक्नु पर्नेछः-

(क) उपनियम (२) को खण्ड (क) देखि (छ) सम्मको योग्यता भएको वा

(ख) इन्जिनियरिङ्ग, भौतिक, रसायनिक, जीव, कृषि, वा वन विज्ञानमा प्रवीणता प्रमाण पत्र वा सो सरहको उपाधिको डिग्री प्राप्त वा

(ग) वातारणीय प्रभाव अध्ययन वा मूल्याङ्कनको विषयमा कम्तिमा ३० (तीस) कार्य दिनको तालिम प्राप्त ।

**२४. वातावरण निरीक्षकको काम कर्तव्य र अधिकारः** ऐनको दफा २२ को उपदफा (१) को अतिरिक्त वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वातावरण निरीक्षकले ऐनको दफा २२ को उपदफा (२) बमोजिम जाँचबुझको सिलसिलामा ऐन वा यस नियमावली विपरीत भए गरेको कुनै काम कारवाही तुरुन्त रोक्का गर्नु पर्ने भएमा सम्भव भएसम्म सम्बन्धित निकायको अनुमति लिई रोक्का गर्नु पर्नेछ र त्यसरी अनुमति लिन सम्भव नभएमा त्यस्तो काम कारवाही रोक्का राखी सो कुराको जानकारी अविलम्ब सम्बन्धित निकाय वा विभागलाई दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम वातावरण निरीक्षकले कुनै काम कारवाही रोक्का राख्नु परेको वा राखेको जानकारी प्राप्त भएमा सम्बन्धित निकायले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

(ग) वातावरण निरीक्षकले निरीक्षण गरिसकेपछि निरीक्षणमा देखिएका कुराहरूको विस्तृत विवरण सहित जाँचबुझ प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

**२५. स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेः** निरीक्षणको सिलसिलामा कसैले निरीक्षकलाई बाधा विरोध गरेमा वा निरीक्षण गर्न जाँदा बल प्रयोग गर्नु पर्ने भई निरीक्षकले प्रहरीको सहयोग माग गरेमा स्थानीय प्रशासनले निरीक्षकलाई आवश्यक प्रहरी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ४

## जलवायु परिवर्तनसम्बन्धी व्यवस्था

२६. **जानकारी उपलब्ध गराउनु पर्नेः** (१) जलवायु परिवर्तनको अवस्था र यसका असर तथा जोखिमका विषयमा मन्त्रालयले हरेक ५/५ वर्षमा राष्ट्रिय प्रतिवेदन प्रकाशित गर्नुपर्नेछ।

(२) उपनियम (१) वमोजिमको राष्ट्रिय प्रतिवेदन तयार गर्नका आवश्यक सूचना तथा तथ्याङ्कहरु सम्वन्धित विषयगत मन्त्रालयले मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ।

(३) तापक्रम र वर्षा लगायतका जलवायुजन्य अवयवहरुको आधारमा जलवायु परिवर्तन परिदृश्य सम्वन्धी प्रतिवेदन जल तथा मौसम विज्ञान विभागले  हरेक ५/५ वर्षमा प्रकाशित गर्नुपर्नेछ।

(४) उपनियम (१) र (३) बमोजिम प्रकाशित प्रतिवेदनहरुको आधारमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जलवायु परिवर्तन व्यवस्थापन सम्वन्धी योजना तर्जुमा र प्राथिमिकरण गर्न सक्नेछन।

(५) अनुकूलन सम्वन्धमा भए गरेका कार्यहरु सम्वन्धमा स्थानीय तहले प्रदेश मन्त्रालयलाई र प्रदेश मन्त्रालयले मन्त्रालयलाई वार्षिक रुपमा विवरण उपलब्ध गराउनु पर्नेछ। गैरसकारी संघ संस्थाहरुले पनि सम्वन्धि प्रदेश मन्त्रालय मार्फत विवरण उपलब्ध गराउनु पर्नेछ।

(६) नेपाल सरकारले प्रतिवद्धता जनाएका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौता वमोजिम तयार गर्नुपर्ने प्रतिवेदन मन्त्रालयले तयार गरी पेश गर्नुपर्नेछ।

**२७. अनुकूलन योजना बनाउन सक्नेः** (१) मन्त्रालयले राष्ट्रिय अनुकूलन योजना बनाई हरेक १० वर्षमा उपलब्ध गराउन पर्नेछ।

(२) प्रदेश स्तरीय अनुकूलन योजना तथा स्थानीय अनुकूलन योजनाको खाका मन्त्रालयले अध्यावधिक गर्नुपर्नेछ।

(३) उपनियम (१) र (२) अनुसार तर्जुमा गरिएका अनुकूलन योजनालाई प्रातथिमिकता दिई राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्त परिचालन गरिने छ।

**२८. न्यूनीकरणका कार्यहरु गर्नु पर्नेः** (१) हरितगृह ग्यास उत्सर्जन गर्ने क्षेत्रहरु ऊर्जा, उद्योग, कृषि, वन तथा भू-उपयोग र फोहोरमैलाको आधार तह समवन्धित विषयगत मन्त्रालयहरुको समन्वयमा मन्त्रालयले तयार गर्नेछ र प्रत्येक १०/१० वर्षमा अध्यावधिक गर्नु पर्नेछ।

(२) ऐनको दफा २५ को अतिरिक्त देहाय बमोजिमका न्यूनीकरणका कार्यहरु सम्बन्धित निकायले गर्नु पर्नेछ ।

(क) हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका लागि स्वच्छ ऊर्जा, विद्युतीय यातायात र ऊर्जा किफायती प्रविधिको प्रयोगमा प्राथमिकता दिनु पर्नेछ ।

(ख) ऊर्जा, उद्योग, कृषि, वन तथा भू-उपयोग र फोहोरमैलावाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न सहयोग पुर्याउनु पर्नेछ।

(ग) हरित गृह ग्यास उत्सर्जनका सबै स्रोतहरुमा उत्सर्जन न्यूनीकरणका आवश्यक व्यवस्थाहरु लागु गर्न मन्त्रालयले मापदण्ड जारी गर्नु पर्नेछ ।

(घ) नियम २७ वमोजिमका अनुकुलनका योजनाहरुमा समेत हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरुलाई प्राथिमिकता दिई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु पर्नेछ ।

(ङ) हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका लागि नेपाल सरकारले प्रतिवद्धता जनाएका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौताको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

२७. जलवायु परिवर्तनवाट हुने असर र जोखिमको व्यवस्थापन: (१) जलवायुजन्य जोखिमहरुको पहिचान तथा नक्साङ्कन मन्त्रालयले गर्नेछ र सोको आधारमा सम्वन्धित मन्त्रालयले जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गर्नसक्नेछ।

(२) जलवायुजन्य घटनाहरुको संवेदनशिलताका आधारमा जलवायु जोखिम क्षेत्र घोषणा नेपाल सरकारले गर्नेछ।

**२९. कार्बन व्यापारमा भाग लिन सक्नेः** (१) नेपाल सरकारले वन विनाश र वनको क्षयीकरण घटाउने वा वनको दिगो व्यवस्थापन गरी कार्बन उत्सर्जन घटाउने वा कार्बन संचिती बढाउने कार्य गरी घटेको कार्बन उत्सर्जन वा बढेको कार्बन संचितीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विक्री गर्न सक्नेछ ।

(२) कुनै सामाजिक आर्थिक क्रियाकलापबाट कार्बन वा अन्य हरितगृह ग्याँसको उत्सर्जन भइरहेको अवस्थामा सो उत्सर्जनलाई घटाउने कार्य गरेमा त्यसरी घटेको उत्सर्जनको परिमाणलाई समेत नेपाल सरकार आफैलें वा कुनै संघ संस्था वा निजी क्षेत्र मार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्यापारमा विक्री गर्न सक्नेछ ।

(३) स्वच्छ विकास संयन्त्रका विविध परियोजनाहरुवाट हरित गृह ग्याँसको उत्सर्जनलाई घटाउने कार्य गरेमा त्यसरी घटेको उत्सर्जनको परिमाणलाई समेत नेपाल सरकार आफैलें वा कुनै सरकारी संघ संस्था वा निजी क्षेत्रले अन्तर्राष्ट्रिय ब्यापारमा विक्री गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (२) वा (३) अनुसार कार्बन वा अन्य हरितगृह ग्याँसको उत्सर्जन घटाउने वा कार्बनको संचिती बढाउने कार्य गर्दा जैविक विविधतालाई ह्रास नहुने गरी सुनिश्चितता गर्नुपर्नेछ।

(५) उपनियम (३) बमोजिम स्वच्छ विकास संयन्त्र सम्वन्धि परियोजनाहरुवाट प्रमाणित उत्सर्जन न्यूनीकरण को व्यापारलाई सरलिकृत गर्दै तिव्रता दिन र सरोकारवाला निकायहरु विच समन्वय गर्न मन्त्रालयले तोकिएको राष्ट्रिय निकाय डिजिग्नेटेड नेशनल अथोरिटी (Designated National Authority-DNA) को कार्य गर्नेछ । तोकिएको राष्ट्रिय निकायको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) स्वच्छ विकास संयन्त्र सम्बन्धि परियोजनाहरुमा निजि क्षेत्रको सहभागित बढाउने ।

ख) स्वच्छ विकास संयन्त्र सम्बन्धि परियोजनाहरुमा तयारीका लागी प्रस्तावक हरुलाई प्राविधिक सहयोग गर्ने ।

ग) स्वच्छ विकास संयन्त्र सम्बन्धी कृयाकलापहरुको व्यवस्थापन, समन्वय र नियमन गर्ने ।

घ) स्वच्छ विकास संयन्त्र सम्बन्धी सूचना, ज्ञान र सीप र सफल प्रयासहरुको आदान प्रदान गर्ने ।

ङ) स्वच्छ विकास संयन्त्र सम्बन्धी निति, नियम तथा निर्देशिकाहरुको तयारीका लागि सहयोग गर्ने ।

च) स्वच्छ विकास संयन्त्र सम्बन्धमा सरोकारवालाहरुको क्षमता अभिवृद्घि गर्ने ।

छ) प्रस्तावकहरु बाट पेश भएका आयोजना अवधारणा पत्र प्रोजेक्ट आइडिया नोट (Project Idea Not-PIN) र आयोजना तर्जुमा दस्तावेज प्रोजेक्ट डिजाइन डकुमेण्ट (Project Design Document-PDD) मा राय सुझाव दिई सहमति पत्र (No Objection Letter) र अनुमोदन पत्र (Letter of Approval) जारी गर्ने

झ) स्वच्छ विकास संयन्त्र सम्बन्धी परियोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने

ञ) स्वच्छ विकास संयन्त्र सम्बन्धी सम्मेलन, गोष्ठी र अन्तर्क्रिया कार्यक्रममा सहभागी हुने ।

ट) स्वच्छ विकास संयन्त्र सम्बन्धी ज्ञान तथा सूचनाहरुको व्यवस्थापन गर्ने ।

ड) अन्य व्यवस्था जलवायु परिवर्तन सम्वन्धी संरचना महासन्धिले तोकिए वमोजिम हुनेछ ।

(६) उपनियम (३) बमोजिम स्वच्छ विकास संयन्त्र सम्वन्धी परियोजनाहरुवाट कार्वन व्यापारमा भाग लिन इच्छुक प्रस्तावकहरुले तोकिएको राष्ट्रिय निकाय समझ प्रोजेक्ट आइडिया नोट र प्रोजेक्ट डिजाइन डकुमेण्टको दस्तावेज तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश भएका प्रोजेक्ट आइडिया नोट र प्रोजेक्ट डिजाइन डकुमेण्टको प्राविधिक मूल्यांकनका लागि देहायका सदस्यहरु रहने गरी मन्त्रालयले एउटा प्राविधिक समिति गठन गर्नेछ । उक्त प्राविधिक समितिले प्रस्तावकबाट प्राप्त प्रोजेक्ट आइडिया नोट र प्रोजेक्ट डिजाइन डकुमेण्टको दिगो विकाश मापदण्डको आधारमा प्राविधिक पक्षको औचित्यता मूल्यांकन गर्नेछ। साथै पेश भएको प्रोजेक्ट आइडिया नोट र प्रोजेक्ट डिजाइन डकुमेण्टलाई परिष्कृत गर्न आवश्यक राय सुझाव समेत दिनसक्नेछ ।

प्रमुख, जलवायू परिवर्तन व्यवस्थापन महाशाखा, वन तथा वातावरण मन्त्रालय संयोजक

उप सचिव, अन्त्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय सदस्य

उप सचिव, योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय सदस्य

उप सचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सदस्य

उप सचिव, उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सदस्य

उप सचिव, कृषि तथा पशुपंक्षि विकास मन्त्रालय सदस्य

उप सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सदस्य
वैकल्पिक उर्जा प्रर्वधन केन्द्र सदस्य
रेड कार्यान्वयन केन्द्र सदस्य
सम्बन्धित क्षेत्रका विज्ञ (३ जना) सदस्य
उप सचिव, स्वच्छ संयन्त्र शाखा, वन तथा वातावरण मन्त्रालय सदस्य–सचिव (८) उपनियम (७) बमोजिम गठित समितिबाट प्राप्त राय सुझाव प्रोजेक्ट आइडिया नोटमा समावेश गरी प्रोजेक्ट डिजाइजन डकुमेण्ट तयार गर्न प्रस्तावकलाई मन्त्रालयले सहमति पत्र दिनेछ ।

(९) उपनियम (३) बमोजिमको स्वच्छ विकास संयन्त्र सम्बन्धी परियोजनाहरुको प्रोजेक्ट आइडिया नोट र प्रोजेक्ट डिजाइन डकुमेण्ट तयार गर्दा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धिमा उल्लेख भएको ढाँचा बमोजिम दिगो विकासको मापदण्डहरु समेत समेट्ने गरि तयार गर्नुपर्ने छ ।

(१०) उपनियम (७) बमोजिम गठित समितिले प्रस्तावकबाट पेश भएको प्रोजेक्ट डिजाइन डकुमेण्टमा राय सुझाव दिन सक्नेछ । प्रस्तावकले समितिबाट प्राप्त राय सुझाव समाबेश गरी प्रोजेक्ट डिजाइन डकुमेण्टलाई परिकृष्त गरी निर्देशक समितिमा पेश गर्नु पर्नेछ । देहाय बमोजिमका सदस्य रहने निर्देशक समितिले प्रस्तावकबाट पेश भएको प्रोजेक्ट डिजाइन डकुमेण्टलाई स्वीकृत वा अस्वीकृत गर्न तोकिएको राष्ट्रिय निकायलाई सुझाव दिनेछ ।

सचिव, वन तथा वातावरण मन्त्रालय अध्यक्ष
सहसचिव, अन्त्रराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय सदस्य
सहसचिव, योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय सदस्य
सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सदस्य
सहसचिव, उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सदस्य
सहसचिव, कृषि तथा पशुपंक्षि विकास मन्त्रालय सदस्य
सह-सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सदस्य
रेड कार्यान्वयन केन्द्र सदस्य
कार्यकारी अधिकृत, वैकल्पिक उर्जा प्रर्वधन केन्द्र सदस्य
सम्बन्धित विज्ञ (२ जना) सदस्य
सहसचिव, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, वन तथा वातावरण मन्त्रालय सदस्य–सचिव

(११) उपनियम (१०) बमोजिम गठित निर्देशक समितिबाट प्राप्त सुझाबको आधारमा प्रस्तावकबाट परिमार्जित गरी पेश भएको प्रोजेक्ट डिजाइन डकुमेण्टलाई तोकिएको राष्ट्रिय निकायले अनुमोदन पत्रका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(१२) उपनियम (१) र (२) को कार्य गर्नु पूर्व मन्त्रालय वा यस कार्यमा भाग लिने संघ संस्था वा निजी क्षेत्रले उत्सर्जन घटाउने वा कार्बन संचिती बढाउने स्थानीय समुदाय एवं यी क्रियाकलापबाट प्रभावित समुदायको स्वतन्त्र पूर्व सुसूचित मञ्जूरी लिनु पर्नेछ ।

(१३) उपनियम (१) वा (२) बमोजिमको कार्य गर्दा उत्सर्जन न्यूनीकरण वा कार्बन संचितीको प्रतिएकाइ मूल्य नेपाल सरकारले क्रेता मुलुक वा संघ संस्थासंग आपसी वार्ता तथा संझौताद्वारा तय गर्नेछ ।

(१४) उपनियम (१) वा (२) अनुसार कार्बन ब्यापारबाट प्राप्त रकमलाई कानूनद्वारा स्थापना गरेको वा नेपाल सरकारले तोकेको कोषमा जम्मा गरिनेछ ।

(१५) उपनियम (१४) बमोजिम जम्मा भएको रकमलाई नेपाल सरकार वा यस कार्यमा भाग लिने संघ संस्था वा निजी क्षेत्रले प्रभावित समुदायको परामर्शमा तयार गरी नेपाल सरकारले स्वीकृत गरेको लाभको बाँडफाँड योजना बमोजिम संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा स्थानीय समुदायमा वितरण गर्नेछ ।

(१६) उपनियम (१५) बमोजिम तयार भएको लाभको बाँडफाँड योजनामा क्रेता मुलुक वा संघ संस्थाको समेत कुनै तोकिएको ढाँचा वा स्वीकृति आवश्यक पर्ने रहेछ भने नेपाल सरकारले बाँडफाँड योजना स्वीकृत गर्नु पूर्व त्यस्ता क्रेता मुलुक वा संघ संस्थासंग आपसी वार्ता तथा संझौता गरी अन्तिम रुप दिनेछ ।

(१७) उपनियम (१६) मा जुनसुकै कुरा लेखिएको भए पनि निजी वन धनीले आफ्नो हकभोगको निजी वनलाई कार्बन व्यापारमा समावेश गर्न चाहेमा त्यस्तो वन धनीसंग कार्ययोजना बमोजिम काम गर्ने शर्तमा मन्त्रलायले खरिद गरी नेपाल सरकारको कार्बन व्यपारमा समावेश गर्न सक्नेछ ।

१८) कार्वन व्यापार गर्ने निकायले विदेशि मुद्राको अपचलन नहुने सुनिश्चितता गर्नुपर्नेछ।

१९) उपनियम (१), (२) र (३) वमोजिम कार्वन व्यवापारवाट भएको आम्दानीको ५% कोषमा नियमित जम्मा गर्नुपर्नेछ।

(२०) कार्वन व्यापार सम्वन्धी अन्य व्यवस्था जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्र संघीय महासन्धिले तोके वमोजिम हुनेछ।

स्पष्टिकरणः यस उपनियमको प्रयोजनका लागि निजी वन भन्नाले कम्तिमा आधा हेक्टर क्षेत्रफलमा फैलिएको एवं कम्तिमा दश प्रतिशत छत्र घनत्व (क्राउन डेन्सिटी) भएको साथै वयस्क रुखहरुको उचाइ कम्तिमा पाँच मिटर भएको वन सम्झिनु पर्छ ।

## परिच्छेद ५

## राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

**३०. वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्ने: (१)** ऐनको दफा (३०) अनुसार कामय गरिने वातावरण संरक्षण क्षेत्रको विषयमा प्रस्ताव तयार गर्नका लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रस्तावका विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी राय प्रदान गर्न विभागमा पठाउनु पर्नेछ ।

(३) विभागबाट प्राप्त राय अनुसार प्रस्तावित या संशोधित रुपको प्रस्ताव स्वीकृतको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष मन्त्रालयले पठाउनेछ ।

(४) उपनियम (३) बमोजिम प्रस्ताव प्राप्त भएको तीन महिनाभित्र नेपाल सरकार (मन्त्रिपरिषद्) ले प्रस्तावित वातावरण संरक्षण क्षेत्र कायम गर्ने प्रस्ताव स्वीकृत गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृत गर्नु पूर्व नेपाल सरकार (मन्त्रिपरिषद्) ले आवश्यक ठानेमा विज्ञहरुको कार्यदल बनाई सो कार्य दलबाट सुझाव लिन सक्नेछ ।

(६) उपनियम (४) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रको व्यवस्थापनका लागि ऐनको दफा ३० को उपदफा (७) बमोजिम नेपाल सरकारको सम्बन्धित निकायले कार्ययोजना स्वीकृत गरी स्थानीय समुदायलाई व्यवस्थापनको जिम्मेवारी सुम्पन सक्नेछ ।

**३१. अभिलेख तयार गर्दा अपनाउनु पर्ने कार्यविधिः** (१) सम्बन्धित निकायले अभिलेखमा समावेश गरिने वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि उल्लेख गरी सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लेख भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको सम्बन्धमा कसैको कुनै प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र सम्बन्धित निकायमा उजूर गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै उजूरी परेमा सो उजूरी उपर छानबीन गरी र कुनै उजूरी नपरेमा तीस दिनको म्याद समाप्त भएपछि सम्बन्धित निकायले अभिलेख तयार गर्नु पर्नेछ ।

**३२. चिन्ह तथा सीमाना राख्नु पर्नेः** (१) सम्बन्धित निकायले अभिलेखमा समावेश भएका वस्तु वा स्थलको पहिचानको लागि त्यस्तो वस्तु वा स्थलमा आवश्यकतानुसार चिन्ह तथा सिमाना राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको चिन्ह तथा सिमाना सम्बन्धी विवरण र सो सँग सम्बन्धित नक्सा सम्बन्धित निकायले अद्यावधिक रूपमा राखी सोको जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

**३३. हानी नोक्सानी गर्न नहुनेः** सम्बन्धित निकायको स्वीकृति वेगर कसैले पनि पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीव जन्तु आदिका सम्बन्धमा देहायका कुनै काम गर्नु गराउनु हुँदैनः-

(क) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु, आदि हटाउन, फेरबदल गर्न वा त्यसलाई नोक्सान पुग्ने कुनै काम गर्न,

(ख) कुनै वस्तु, स्थल, वनस्पति, जीवन्तु आदि कसैलाई उपहार दिन वा हकछाडी बेचबिखन गर्न वा हस्तान्तरण गर्न,

(ग) अभिलेखमा समावेश भएका कुनै जीवजन्तुहरूलाई नोक्सान पुऱ्याउने किसिमका अन्य जीवजन्तु राष्ट्रिय सम्पदा संरक्षण क्षेत्रमा प्रवेश गराउने,

(घ) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु, आदि बिग्रने वा नासिने गरी अन्य कुनै काम गर्न ।

**३४.उजुरी गर्न सकिनेः** (१) अभिलेखमा समावेश भएका वा राष्ट्रिय सम्पदाभित्रका वस्तु, स्थल,वनस्पति, जीवजन्तु आदिको कसैले नियम ३२ मा लेखिए विपरीत हानी नोक्सानी हुने कुनै काम गरे गराएमा सो विषयमा जो सुकैले सम्बन्धित निकायमा उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी परी जाँचबुझ गर्दा वा सम्बन्धित निकाय आफैले जाँचबुझको सिलसिलामा अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको हानी नोक्सानी भएको देखिएमा सो कार्य तुरुन्त रोक्नु पर्नेछ ।

**३५. वातावरण संरक्षण क्षेत्रमा गर्न नपाइने कामः** (१) कसैले पनि वातावरण संरक्षण क्षेत्रभित्र देहायका कुनै काम गर्न गराउन हुँदैन ।

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई बिगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुऱ्याउन,

(ख) ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरू बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरूमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरू टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न,

(ग) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको स्रोतमा विद्युतीय धार (करेन्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न,

(घ) कुनै पनि किसिमको घरपालुवा जनावरहरूबाट जननकृति (जेनेटिक मेकअप) मा परिवर्तन गर्न,

(ङ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

(च) होटल, लज, सार्वजनिक यातायात, स्वास्थ्य चौकी, विद्यालय, कुटी वा अन्य यस्तै किसिमका सेवाहरू सञ्चालन गर्न,

(छ) मन्त्रालयबाट अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर वातावरण संरक्षण क्षेत्रमा प्रवेश गर्न,

(ज) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चीज वस्तुहरूलाई हानी नोक्सानी पु¥याउन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि सम्बन्धित निकायले स्वीकृति दिएका कुनै कार्यहरू गर्न सो उपनियममा लेखिएको कुनै कुराले बाधा पु¥याएको मानिने छैन ।

**३६. वातावरण संरक्षण कोष सञ्चालक समितिको गठन सम्बन्धीः** (१) कोषको व्यवस्था, सञ्चालन र रेखदेख समेतको काम गर्नको लागि देहायका सदस्यहरू रहेको एक कोष सञ्चालक समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) सचिव, | वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) सहसचिव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ग) सहसचिव | अर्थ मन्त्रालय | सदस्य |
| (घ) सहसचिव | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ङ) सहसचिव | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| (च) सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (३ जना) | सदस्य |
| (छ) महानिर्देक | वातावरण विभाग | सदस्य |
| (ज) वातावरण विद्हरूमध्येबाट एकजना महिलासहित दुईजना | | सदस्य |
| (झ) सहसचिव (सम्बन्धित विषय हेर्ने महाशाखा) | वन तथा वातावरण मन्त्रालय | सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (च) र (छ) बमोजिमको सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र निजको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपनियम (१) को खण्ड (च) बमोजिमका सदस्यहरु प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवहरुबाट आलोपालो गरी नियुक्त गर्नेछ ।

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३७. सचिवालय र प्रशासकीय खर्चसम्बन्धी व्यवस्थाः** (१) सञ्चालक समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(२) सञ्चालक समितिको सचिवालयको लागि प्रशासकीय खर्चको रकम मन्त्रालयको बजेटबाट व्यहोरिनेछ ।

**३८. कोषको सञ्चालनः** (१) कोषलाई आवर्ति (रिभल्विङ्ग) कोषको रूपमा सञ्चालन गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको सञ्चालन सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**३९. कोषको प्रयोगः** कोषमा जम्मा भएको रकम वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणसँग सम्बन्धित विषयमा र देहायका काममा सञ्चालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछः-

(क) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण र त्यस्ता कार्यका लागि जनचेतना अभिवृद्धि गर्न प्रभावकारी भूमिका खेल्ने संस्थालाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) वातावरणीय शिक्षा, तालीम, अध्ययन, अनुसन्धान सम्बन्धी काममा आवश्यक आर्थिक सहयोग पुऱ्याउने,

(ग) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कारको व्यवस्था गर्ने ।

(घ) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जूमा तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

**४०. लेखा व्यवस्थाः** कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

**४१. वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेः** सञ्चालक समितिले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्न पर्नेछ ।

## परिच्छेद ६

## क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**४२. क्षर्तिपूर्ति भराउन निवेदन दिन सक्नेः** (१) ऐनको दफा ३६ बमोजिम कसैले कुनै व्यक्ति, संस्था वा प्रस्तावकसँग क्षतिपूर्ति भराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकले गरेको कुनै कामबाट निवेदकलाई के कस्तो क्षति पुग्न गएकोले कति क्षतिपूर्ति भराउन चाहेको हो सो व्यहोरा खुलाई मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा सो निवेदनका विषयमा निर्णय गर्न सम्बन्धित निकायले आवश्यकता अनुसार सम्बद्ध ठाउँको वस्तुस्थिति समेतको जाँचबुझ गर्न पीडित पक्षको समेत संलग्नता रहने गरी सम्बन्धित विज्ञहरु रहेको एक जाँचवुझ समिति गठन गर्न सक्नेछ र निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र यस्तो समिति गठन गरिसक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित जाँचवुझ समितिले प्राप्त निवेदनका सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित ठाउँको वस्तुस्थिति हेरी राय सुझाव सहितको प्रतिवेदन तीस दिनभित्र बुझाइ सक्नु पर्नेछ । यस्तो प्रतिवेदनमा जाँचबुझ समितिले पीडित पक्षलाई पुग्न गएको क्षतिको किसिम, परिमाण, असर र प्रभावको यकीन गरी कस्तो प्रकारको क्षतिपूर्ति भराउनु पर्ने हो सो समेत खुलाउनु पर्नेछ ।

(४) क्षतिपूर्ति निर्धारण सम्बन्धमा उपनियम (२) बमोजिम गठित समितिलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै कागजात, उपकरण, यन्त्र आदि पेश गर्न लगाउने, प्रदूषण, ध्वनि, ताप वा फोहर मैलाको सिर्जना वा निष्कासन गरेको ठाउँमा प्रवेश गरी जाँचबुझ गर्ने अधिकार हुनेछ ।

(५) उपनियम (३) बमोजिम जाँचबझ समितिबाट प्राप्त भएको प्रतिवेदनको आधारमा सम्बन्धित निकायले साठी दिनभित्र क्षतिपूर्तिका विषयमा निर्णय गरिसक्नु पर्नेछ र यसको जानकारी क्षतिपूर्ति कसबाट भराउने हो सो पक्षलाई गराइ सक्नुपर्ने छ ।

**४३. निर्धारित समयमा क्षतिपूर्ति रकम बुझाउनु पर्नेः** (१) नियम ४२ बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र क्षतिपूर्तिको रकम बुझाउन नसकेको मनासिव माफिकको कारण जनाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले म्याद थपको लागि निवेदन गरेमा र त्यसरी निवेदनमा उल्लेख भएको कारण मनासिव देखिएमा सम्वन्धित निकायले एक पटकको लागि बढीमा तीस दिनको म्याद थप गरिदिन सक्नेछ ।

**४४. जायजेथाबाट क्षतिपूर्ति असूल उपर गरिनेः** (१) नियम ४३ बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम नबुझाएमा सो म्याद नाघेको एक महिनाभित्र क्षतिपूर्ति पाउने व्यक्ति वा संस्थाले त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा खुलाई क्षतिपूर्ति असुल उपर गरी पाउन सम्वन्धित निकाय समक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा सम्वन्धित निकायले क्षतिपूर्ति बुझाउनु पर्ने व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी क्षतिपूर्तिको रकम भराई दिई बाँकी रकम प्रचलित कानुनको रीत पुर्याई लिन आए सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

## परिच्छेद ७

## विविध

**४५. वातावरण संरक्षण योजना तर्जुमा गर्नु पर्नेः** ऐनको दफा ३० को उपदफा (१) बमोजिम कायम गरिएको वातावरण सरक्षण क्षेत्रको अनुसूची-१५ बमोजिमको ढाँचामा वातावरण संरक्षण योजना तयार गर्नु पर्नेछ ।

**४६. अनुगमन तथा निरीक्षणः**(१) ऐनको दफा ३० मा उल्लेखित व्यवस्थाको अतिरिक्त ऐनको दफा ७ को उपदफा (५) अनुसार स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन तथा निरीक्षण वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धित निकायले समेत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रस्ताव स्वीकृत हुँदाका बखतको वातावरणीय अध्ययन प्रतिदेनमा उल्लेखित प्रभावभन्दा बढी प्रभाव परेको देखिएमा सम्बन्धित निकायले त्यस्ता प्रभावहरू हटाउन वा हटाउने उपायहरू अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित निकायले प्रत्येक आर्थिक वर्षमा स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदनहरुको विवरण सहितको अनुगमन तथा मूल्याङ्कन वार्षिक प्रतिवेदन सम्बन्धित निकायले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणहरुमा प्रत्येक छ-छ महिनामा स्वःअनुगमन गर्नु पर्नेछ र सो अनुगमनको प्रतिवेदन सम्वन्धित निकाय तथा विभागमा पेश गर्नु पर्नेछ ।

(५) नियम ४६ र ऐनको दफा ३९ को उपदफा (१) र (२) अनुसार ऐन, यस नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्वन्धमा गरिने अनुगमन तथा निरीक्षणका लागि देहायका व्यवस्थाहरु अवलम्बन गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षणका लागि सालवसाली रूपमा कार्ययोजनाको तर्जुमा गर्ने ।

(ख) माथि खण्ड (क) को योजना अनुसार आवश्यक पर्ने जनशक्ति र खर्चको लेखाजोखा गरी वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गराउने ।

(ग) अनुगमन तथा निरीक्षण प्रतिवेदन अनुसूची-२० को ढाँचामा तयार गरी सालवसाली रुपमा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र एकीकृत वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने ।

(घ) खण्ड (ग) वमोजिमको प्रतिवेदनद्वारा औँल्याइएका सुझाव तथा सिफारिसहरुको प्राथमिकता र अनिवार्यताका आधारमा सम्बद्ध निकायले कार्यान्वयन गर्ने ।

**स्पष्टिकरणः** "सम्बद्ध निकाय" भन्नाले अनुगमन प्रतिवेदनले सुझाव कार्यान्वयन गर्नको लागि जिम्मेवारी देखाएको निकाय सम्झनु पर्छ ।

**४७. पुरस्कार, प्रशंसापत्र वा चिन्ह प्रदान गर्न सक्ने**: (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणसम्बन्धी विषयमा उल्लेखनीय योगदान पुर्याउने व्यक्ति वा संस्थालाई मन्त्रालयले कदर स्वरुप नगद पुरस्कार र प्रशंसा-पत्र प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उल्लेखनीय योगदान पुर्याउने उद्योगलाई सो उद्योगको खास उत्पादनमा प्रयोग गर्न पाउने गरी मन्त्रालयले वातावरण अनुकूल चिन्ह प्रदान गर्न सक्नेछ ।

(३) कुनै उद्योगले ऐन वा या नियमावली विपरीत प्रदूषणको नियन्त्रण तथा रोकथाम नगरेमा मन्त्रालयले त्यस्तो उद्योगलाई प्रदान गरेको वातावरण अनुकूल चिन्ह प्रयोग गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम रोक लगाएको सूचना मन्त्रालयले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(५) विभागको प्रतिवेदन र सिफारिसमा मन्त्रालयले कुनै उद्योग, कलकारखाना, यातायात, सवारी साधन वा यस्तै अन्य कुनै व्यवसायलाई वातावरणमैत्री काम गरिरहेको भन्ने निश्चित अवधि तोकी प्रमाण-पत्र दिन सक्नेछ ।

**४८. वातावरण सम्बन्धी विशेषज्ञको नामावली**: मन्त्रालयले वातावरणको सम्बन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरूको नामावली अद्यावधिक गरी राख्नु पर्नेछ ।

**४९. अधिकार प्रत्यायोजन**: मन्त्रालयले यस निमयमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार सम्बन्धित निकाय, आफू मातहतका निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजित गर्न सक्नेछ ।

(२) सम्बन्धित निकायले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर सम्बन्धित निकायले आफ्नो राय पठाउने कुराको हकमा अधिकार प्रत्यायोजन गर्ने छैन ।

**५०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने**: मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**५१. खारेजी तथा बचाउ**: (१) वातावरण संरक्षण नियमावली, २०५४ खारेज गरिएको छ ।

(२) वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
## संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावहरु
## (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

१. १० देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-वीउ वगैँचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने ।

४. विभिन्न प्रजातिका आयातित जङ्गली जनावरहरु प्रतिस्थापना गर्ने ।

५. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० टनसम्म वन पैदावर सङ्कलन गर्ने ।

६. वन क्षेत्र भएर वहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरसम्म बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने । यसमा वन क्षेत्र भन्नाले सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, संरक्षित वन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र, संरक्षित क्षेत्रजस्ता वन क्षेत्रहरुलाई जनाउँछ ।

७. निरपेक्ष गरीबीको रेखामुनिका समूह मार्फत सञ्चालित ५० हेक्टरभन्दा बढी वन कवुलियती वनको रुपमा दिने ।

८. ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

९. ५०० हेक्टरभन्दा बढी वन क्षेत्र एउटै समुदायलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न हस्तान्तरण गर्ने ।

१०. एक जिल्लाबाट वार्षिक ५ मे. टनसम्म खोटो सङ्कलन गर्ने ।

११. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष,मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा उपभोक्ता समूह मार्फत सानातिना निर्माण तथा संचालन हुने आयोजना निर्माण गर्न ।

१२. आनुवांशिक स्रोत माथिको पँहुच, उपयोग र लाभको बाँडफाडसंग सम्बन्धित प्रस्ताव ।

१३. २५ शैय्यासम्मको अस्पताल नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय निर्माण तथा सञ्चालन गर्ने ।

१४. २५ शैय्या देखि ५० शैय्यासम्मको होटल निर्माण तथा सञ्चालन गर्ने ।

१५. १०० मीटर लम्बाईसम्मको पुल निर्माण गर्ने ।

१६. १०० हेक्टरसम्म लिफ्ट सिंचाइ आयोजना निर्माण गर्ने ।

१७. ३३ के.भी. वा ६६ के.भी. विद्युत् प्रशारण लाइन आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा ।

१८. विद्युत् सव-स्टेशन निर्माण गर्न वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा ।

१९. जल तथा मौसम मापन केन्द्र र मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा ।

२०. तराईमा ५० हेक्टरसम्म र पहाडमा १० हेक्टरसम्म क्षेत्रफलको व्यावसायिक वन कवुलियती वनको रूपमा दिने ।

२१. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने ।

२२. ५ कि.मि.भन्दा बढी लम्बाईको वन पथ र ५ कि.मी भन्दा लामो अग्नी रेखा निर्माण गर्ने ।

२३. ७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटरसम्मका अग्ला भवनहरु निर्माण गर्ने ।

२४.३००० देखि ५,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने ।

२५. ५०० देखि १,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने ।

२६. ५ देखि १० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

२७. ५ हेक्टरसम्म Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।

२८. १० लाख रुपैया देखी ५० लाख रुपैया मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मात सम्भार गर्ने समेत) स्थापना गर्ने ।

## अनुसूची-२
## प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु
## (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**(अ) वन क्षेत्र**

१. तराईमा ५० देखि ५०० हेक्टरसम्म र पहाडमा ५० देखि २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू तराईमा १० हेक्टरदेखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टरदेखि २५ हेक्टरसम्मका क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. तराईमा ५० देखि २०० हेक्टरसम्म र पहाडमा १० देखि ५० हेक्टरसम्म क्षेत्रफलको व्यवसायिक वन कवुलियती वनको रूपमा दिने ।

४. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने ।

५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षित वन तथा संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने ।

६. २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन वीउ वगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने ।

७. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिमसार क्षेत्र तथा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने ।

८. देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्च वर्षीय वन कार्य योजना, मध्यवर्ति क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने तथा संरक्षित वनको कार्य योजना तयार गर्ने ।

(क) ५० मेट्रिक टनसम्म जरा तथा गानो संकलन गर्ने,

(ख) १५० मेट्रिक टनसम्म बोक्रा संकलन गर्ने,

(ग) १५० मेट्रिक टनसम्म पात/डाँठ संकलन गर्ने,

(घ) १५० मेट्रिक टनसम्म फूल र भुवा संकलन गर्ने,

(ङ) २०० मेट्रिक टनसम्म फल र बीज संकलन गर्ने,

(च) १५० मेट्रिक टनसम्म बिरुवा संकलन गर्ने,

(छ) २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान संकलन गर्ने ।

स्पष्टिकरण: माथि खण्ड (क) देखि खण्ड (छ) सम्मको परिमाण भन्नाले जिल्लाभित्रको राष्ट्रिय वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कवुलियती वन व्यवस्थापनका

पद्धतिहरू सञ्चालन हुने भएकोले जिल्लाको पञ्च वर्षीय वन व्यवस्थापन योजनामा सबै वन व्यवस्थापन पद्धतिहरू उल्लेख गरी सोबाट निकाल्न सकिने उल्लेखित वन पैदावारको कुल परिमाणलाई जनाउनेछ ।

८. सार्वजनिक बुट्यान क्षेत्रमा जडिबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने ।

९. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावर सङ्कलन गर्ने ।

१०. वन क्षेत्र भएर वहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरभन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने । यसमा वन क्षेत्र भन्नाले सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, संरक्षित वन, राष्ट्रिय निकुञ्ज, आरक्ष, शिकार आरक्ष, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र, संरक्षित क्षेत्रजस्ता वन क्षेत्रहरुलाई जनाउँछ ।

११. ५ हेक्टर देखि १० हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

१२. वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा १० देखि ५० शैय्यासम्मका रिसोर्ट, होटल र अस्पताल तथा शिक्षण संस्था निर्माण कार्य गर्ने ।

१३. स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा,ठुटा निकाल्ने ।

१४.बाह्य (एक्जोटिक) तथा मिचाहा(इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना(Introduced)लगायत जि.एम.ओ. (Genetically Modified Organism) र एल.एम.ओ.(Living Modified Organism)प्रभावित प्रजाति एवं प्रविधिको स्थापना, प्रशारण तथाअनुसन्धानसम्बन्धी कार्य गर्ने ।

१५.एक जिल्लाबाट वार्षिक ५ मे. टनभन्दा बढी खोटो सङ्कलन गर्ने ।

**(आ) उद्योग क्षेत्र**

१. ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरीउद्योग स्थापना गर्ने ।

२. कार्बोनेटेड वा ननकार्बोनेटेड व्रेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३. दैनिक १०,००० लिटर भन्दा वढी क्षमताको दुग्ध प्रशोधन (दुधको परिकार समेत) उद्योग स्थापना गर्ने ।

४. वनस्पति घ्यू, खानेतेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५. दैनिक १ मेट्रिक टनभन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

६. दैनिक ३,००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७. दैनिक १० मेट्रिक टनभन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
८. दैनिक ५ मेट्रिक टनभन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
९. दैनिक २५ मेट्रिक टनसम्म हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१०. दैनिक १५,००० वर्गफिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
११. पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेन्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१२. कुकिङ्ग (एल. पी. जी.) ग्यास, बायोग्यास, नेचुरल ग्यासको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।
१३. कार्वन डाई अक्साईड (Carbon Di-oxide), अक्सीजन (Oxygen), नाईट्रोजन (Nitrogen), ऐसिटिलिन (Acetylene) आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।
१४. वार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने ।
१५. दैनिक १०,००० भन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
१६. क्रसर उद्योग स्थापना गर्ने ।
१७. दैनिक ५० मेट्रिक टनभन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१८. दैनिक १०० मे. टनसम्म उत्पादन क्षमता भएको एसिड, अल्काली र प्राथमिक रसायन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
१९. Chemical (Plasticizer, Chlorin, Sodium Hypo-chloride आदि), Glue, Addesives हरु बनाउने उद्योग स्थापना गर्ने ।
२०. Zink Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
२१. श्रृङ्गार सामानबाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
२२. ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
२३. ब्लेण्डिङ्ग प्रक्रियाबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।
२४. ब्लेण्डिङ्ग प्रक्रियाबाट रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
२५. दैनिक २ देखि १० मेट्रिक टनसम्म जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
२६. ब्लेण्डिङ्ग प्रक्रियाबाट किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
२७. Mosquito Repellent (झोल, क्वाईल, ट्याबलेट, लोसन आदि), धुप आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२८. दैनिक ५ मेट्रिक टनभन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाईजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२९. साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३०. व्याट्री (ड्राइ वा वेट वा लिथियम) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३१. दैनिक ५० मेट्रिक टन (ड्राई वेट)ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

३२. दैनिक ५ मेट्रिक टन सम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टनभन्दा बढी बस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

३३. परम्परागत घरेलु उद्योगबाहेकका दैनिक १०० मे. टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

३४. दैनिक १ मेट्रिक टनभन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३५. दैनिक ५ मेट्रिक टनभन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३६. परम्परागत घरेलुउद्योग बाहेकका धागो तथा कपडा रङ्गाईवा धुलाई वा छपाई गर्ने उद्योग (गलैंचा, पस्मिना समेत) स्थापना गर्ने ।

३७. दैनिक ५ मेट्रिक टनभन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३८. स्पिनिङ्ग मिल स्थापना गर्ने ।

३९. जुट उद्योग स्थापना गर्ने ।

४०. Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४१. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

४२. दैनिक १,००० मेट्रिक टनसम्म चुन उत्पादन उद्योग स्थापना गर्ने ।

४३. दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको वा २० देखि ५० करोडसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

४४.औषधि उद्योग स्थापना गर्ने र दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिककम्पाउण्ड (Bulk Drugs) संश्लेषण(Formulation) गर्ने उद्योग स्थापना गर्ने ।

४५. दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४६. दैनिक ५ मेट्रिक टनभन्दा बढी प्लाष्टिकका सामान (पाईप, फिटिङ्ग, यार्न,Wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granuals, Resin, Compound मा आधारित) स्थापना गर्ने ।

४७. टायर, ट्युब्स र रबर प्रशोधन तथा उत्पादनगर्ने उद्योग स्थापना गर्ने ।

४८. पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने ।

४९. एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने ।

५०. रोलिङ्ग मिल उद्योग स्थापना गर्ने ।

५१. दैनिक १० मेट्रिक टनभन्दा बढी कट-टु-लेन्थ गर्ने तथा भाँडा वर्तन बनाउने उद्योग स्थापना गर्ने ।

५२. दैनिक १० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने ।

५३. दैनिक ५० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस बस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५४. दैनिक २०० मेट्रिक टन सम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने ।

५५. १० मेट्रिक टनभन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टकचर समेत) गर्ने उद्योग स्थापना गर्ने ।

५६. गाडी, मोटर साईकल, अटोरिक्सा आदी तथा दैनिक १०० थान भन्दा बढी साईकल/रिक्सा (इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

५७. ५० लाख रुपैया भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

५८. दैनिक १ मेट्रिक टनभन्दा बढी बिजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५९. ५० लाख रुपैयाभन्दा बढी मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मात सम्भार गर्ने समेत) स्थापना गर्ने ।

६०. ५ करोड रुपैया भन्दा बढी मेसिन उपकरणमा लगानी गर्ने निर्माण सम्बन्धि कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने ।

६१. एल. पी. जी. सिलिन्डर (LPG Cylinder) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६२. उद्योगले आफ्नो प्रयोगको लागि ५ मेगावाट देखी २० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration, DG Set बाट विद्युतिय ऊर्जा उत्पादन गर्ने कार्य ।

६३. उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने ।

६४. वार्षिक १० हजारदेखि १ लाख क्यूविक फिटसम्म काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने ।

६५. दैनिक ५०० क्यूविक फिटभन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६६. रोजिन, टर्पेन्टाईन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६७. बार्षिक १ लाख क्यूविक फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने ।

६८. दैनिक २ मेट्रिक टनभन्दा बढी बाँस तथा बेतका सामानहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६९. सुर्तिजन्य पानमसलाहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७०. चुरोट तथा बिडी उत्पादन (सूर्ती ड्राइ गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने ।

७१. सलाई उद्योग स्थापना गर्ने ।

७२. दैनिक १ किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७३. Solvent Extraction प्रक्रियाबाट खाने तेलबाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७४. Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७५. अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७६. दैनिक ५ लिटर भन्दा बढी Chemical तथा Reagent प्रयोग हुने Diagnosis Lab स्थापना गर्ने ।

७७. काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

७८. दैनिक १ मेट्रिक टनभन्दा बढी पशु पन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७९. दैनिक २०० जोरभन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८०. १,००० मेट्रिक टनभन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने ।

८१. दैनिक १ लाखभन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्न ।

८२. दैनिक १०० मेट्रिक टनभन्दा बढी Cargo Handling गर्ने उद्योग स्थापना गर्ने ।

८३. माथि उल्लेखित प्रस्तावहरु एवं कम्प्यूटर, सफ्टवेयर, विद्युतिय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. २५ करोड देखि १ अर्बसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग ।

**(इ) खानी क्षेत्र**

१.१०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन्गर्ने ।

२. रेडियोधर्मी धातुहरु बाहेक अन्य धातुहरु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १००० टनसम्म र सतही उत्खनन् भए दैनिक २००० टनसम्म उत्खनन्को कार्य गर्ने ।

३. एस्वेस्टस बाहेक अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २००० टनसम्म र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खननको कार्य गर्ने ।

४. डेकोरेटिभ ढुङ्गा (Marble, Granite, Amphibolite/Polished Stone) सङ्कलन तथा उत्पादन गर्ने ।

५. साधारण निर्माणमुखी ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटाको उत्खनन्का लागि दैनिक ५०० क्यु.मि.सम्म उत्खननको कार्य गर्ने ।

६. कोईला तथा मट्टीकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १००० टन र सतही उत्खनन् भए दैनिक २००० टनसम्म उत्खननको कार्य गर्ने ।

७. दैनिक २ लाख घनमिटरसम्म प्राकृतिक ग्यास (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने ।

**(ई) सडक क्षेत्र**

१. २५ कि. मि. भन्दा कम लम्बाई हुने कुनै पनि नयाँ सडकहरु निर्माण गर्ने ।

२. ५ देखि ५० कि. मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने ।

३. १ देखि ५ कि. मि. सम्मको केबुल कार मार्ग निर्माण गर्ने ।

४. १०० मिटरभन्दा बढी लम्बाईका पुलहरू निर्माण गर्ने ।

५. राष्ट्रिय राजमार्ग तथा सहायक सडकहरूको स्तरवृद्धि, पुनर्स्थापना तथा पुनः निर्माण गर्ने ।

६. ५ कि. मि. सम्मका सडक प्रयोजनको लागि सुरुङहरू बनाउने ।

**(उ) आवास, भवन तथा बस्ती बिकास र शहरी विकास क्षेत्र**

१. ५,००० वर्गमिटर क्षेत्रफलभन्दा माथि १०,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Areaवा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने ।

२. १,००० देखि २,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने ।

३. १ हेक्टरदेखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने ।

४. १० हेक्टरदेखि १०० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. ५ हेक्टरभन्दा माथि Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।

६. २०,००० क्यू. मिटरभन्दा माथि माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने ।

७. १० तल्ला वा २५ मिटरभन्दा माथि १६ तल्ला वा ५० मिटरसम्मका भवनहरु निर्माण गर्ने ।

**(ऊ) जलस्रोत र ऊर्जा क्षेत्र**

***१. विद्युत् लाईन निर्माण अन्तर्गत:-***

(क) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण गर्ने ।

(ख) विद्यमान २२० के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत् प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण गर्ने ।

२. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत् प्रशारण लाइन निर्माण गर्दा जतिसुकै वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्र उपयोग गर्नु पर्ने भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ ।

***३. विद्युत् उत्पादन अन्तर्गत:***

(क) १ मेगावाटदेखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने ।

(ख) १मेगावाटदेखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १० मेगावाटसम्मको जलविद्युत् आयोजना निर्माण गर्दा वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्र उपयोग गर्नु पर्ने भए प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ ।

***४. सिँचाईको नयाँ प्रणाली अन्तर्गत:-***

(क) तराई र भित्री मधेशमा २०० हेक्टरदेखि २,००० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

***५. सिँचाईको पुनरुत्थान प्रणाली अन्तर्गत:***

(क)विद्यमान प्रणाली अन्तर्गतका सिँचाई आयोजनाहरुमा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने ।

६. २५ जनादेखि १०० जनासम्म स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य ।

७. १० कि.मी. भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने ।

८. नवीकरणीय ऊर्जा क्षेत्र:

(क) १ मेगावाटदेखि १० मेगावाट क्षमतासम्मको सौर्य उर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ख) १ मेगावाटदेखि १० मेगावाट क्षमतासम्मको वायु उर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) ०.५ मेगावाटदेखि २ मेगावाट क्षमतासम्मको जैविक उर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (Bagasse) बाट विद्युत् सहउत्पादन (Cogeneration) हुने आयोजना संचालन गर्न ।

**(ए) पर्यटन क्षेत्र:**

१. ५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने ।

२. विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने ।

३. माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इन्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्गकार्य सञ्चालन गर्ने ।

४. तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने ।

**(ऐ) खानेपानी क्षेत्र:**

१. १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमाभएका पानीका स्रोतहरूको प्रयोग गर्ने ।

२. सेफ इल्ड १०० लिटर प्रति सेकेन्ड (LPS) भन्दा बढीको पानीको स्रोत र पानीको ५० देखि ७५ प्रतिशतसम्मसुख्खासमयमा आपूर्ति गर्ने ।

३. प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने ।

४. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने ।

५. १ देखी ५ कि. मि. सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

६. खानेपानी आयोजनासञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसंख्या विस्थापनगर्ने ।

७. पानीको श्रोतको माथिल्लो भागमा ५०० जनसंख्यासम्मको बसोबास गराउने ।

८. पचास हजारदेखि एक लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

९. पचास हजारदेखि दुई लाखसम्म मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

१०. १ कि. मी. भन्दा बढीको डाइभरसन् सम्बन्धी काम गर्ने ।

११. ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने ।

**(ओ) फोहोर मैला व्यवस्थापन क्षेत्र:**

१. घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्ने:

(क) वार्षिक १,००० देखि ५,००० टनसम्म फोहोरमैला जमिनमा भर्ने ।

(ख) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम ।

(ग) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने ।

(घ) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने ।

(ङ) ५ एम. एल. डी. (MLD) क्षमताभन्दा बढीको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने ।

**(औ) कृषि क्षेत्र:-**

१. पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. निर्माण सम्बन्धी देहायको काम गर्ने ।

(क) ३०,००० वटाभन्दा बढी पंक्षी जाति पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ख) १,००० वटाभन्दा बढी ठूला चौपायाहरू पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ग) ५००० वटाभन्दा बढी साना चौपायाहरू (भेडा, बाख्रा) पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) महानगरपालिका र उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने ।

(ङ) इजाजत प्राप्त बधशाला निर्माण गर्ने ।

३. म्याद नाघेका विषादीको (सूचित विषादीहरूको हकमा मात्र) भण्डारणतथा विसर्नन गर्ने ।

४. रासायनिक मल (इनअर्गानिक फर्टिलाईजर) र रासायनिक विषादि (इनअर्गानिक पेन्टिसाईट) उत्पादन, संश्लेषण (फर्मूलेशन), रिप्याकेजिङ, भण्डारण तथा डिस्पोजल गर्ने ।

५. केमिकल फर्टिलाईजर (ब्लेण्डिङ्ग) तथा किटनाशक औषधी (ब्लेण्डिङ्ग) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

**(अं) स्वास्थ्य क्षेत्र:**

१. २५ देखि १०० शैय्यासम्मको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययनअध्यापन समेत) सञ्चालन गर्ने ।

(अः) माथि खण्ड (अ) देखि खण्ड (अं) सम्म उल्लेखित र सोभन्दा कमस्तरका प्रस्तावहरु तथा अनुसूची-३ मा उल्लेखित प्रस्तावहरूभन्दा कमस्तरका प्रस्तावहरू बाहेक दश करोडदेखि चालीस करोड रूपैयाँसम्म लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने ।

**अनुसूची-३**

**वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरू**

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**(अ) वन क्षेत्र**

१. तराईमा ५०० हेक्टरभन्दा बढी र पहाडमा २५० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू तराईमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गर्ने ।

३. तराईमा २०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलको वन व्यावसायीक कबुलियती वनको रूपमा दिने ।

४. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक ३० हेक्टरभन्दा बढीका राष्ट्रिय वन सरपट कटान गर्ने ।

५. वन क्षेत्रमा फोहोर मैला फाल्न ल्यान्डफील साईट निर्माण तथा सञ्चालन गर्ने ।

६. वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा ५० शैया भन्दा बढीका होटल, रिसोर्टर अस्पताल निर्माण, उद्योग स्थापना गर्ने कार्य गर्ने ।

७. देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्च वर्षीय वन कार्य योजना, मध्यवर्ति क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने तथा संरक्षित वनको कार्ययोजना तयार गर्ने ।

(क) ५० मेट्रिक टनभन्दा बढी जरा तथा गानो संकलन गर्ने,

(ख) १५० मेट्रिक टनभन्दा बढी बोक्रा संकलन गर्ने,

(ग) १५० मेट्रिक टनभन्दा बढी पात/डाँठ संकलन गर्ने,

(घ) १५० मेट्रिक टनभन्दा बढी फूल र भुवा संकलन गर्ने,

(ङ) २०० मेट्रिक टनभन्दा बढी फल र बीज संकलन गर्ने,

(च) १५० मेट्रिक टनभन्दा बढी बिरुवा संकलन गर्ने,

(छ) २०० मेट्रिक टनभन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान संकलन गर्ने ।

स्पष्टिकरण: माथि खण्ड (क) देखि खण्ड (छ) सम्मको परिमाण भन्नाले जिल्लाभित्रको राष्ट्रिय वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कवुलियती वन व्यवस्थापनका पद्धतिहरू सञ्चालन हुने भएकोले जिल्लाको पञ्च वर्षीय वन व्यवस्थापन योजनामा सबै वन व्यवस्थापन पद्धतिहरू उल्लेख गरी सोबाट निकाल्न सकिने उल्लेखित वन पैदावारको कुल परिमाणलाई जनाउनेछ ।

८. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टनभन्दा बढी वन पैदावार सङ्कलन गर्ने ।

९. १० हेक्टरभन्दा बढी वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

**(आ) उद्योग क्षेत्र**

१. दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरीउद्योग स्थापना गर्ने ।

२. दैनिक ३००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३. दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

४. दैनिक १५००० वर्गफिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

५. वार्षिक ३ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने ।

६. दैनिक १०० मे. टनभन्दा बढी उत्पादन क्षमता भएको एसिड, अल्काली र प्राथमिक रसायन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

९. दैनिक १० मेट्रिक टन भन्दा बढी जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१०. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

११. दैनिक ५० मेट्रिक टन (ड्राई वेट) भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

१२. दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन उद्योग ( फोमको प्रयोग गरी बस्तु उत्पादन गर्ने उद्योग समेत)स्थापना गर्ने ।

१३. दैनिक १०० मे. टन भनज्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

१४. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

१५. दैनिक १००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन उद्योग स्थापना गर्ने ।

१६. ५० करोड रुपैया भन्दा बढी  मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

१७. दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिककम्पाउण्ड(Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने ।

१८. दैनिक ५० मेट्रिक टन भन्दा बढीप्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस बस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१९. दैनिक २०० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने ।

२०. उद्योगले आफ्नो प्रयोगको लागि ५ मेगावाट देखी २० मेगावाट भन्दा बढी नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने।

२१. वार्षिक १ लाख क्यूविक फिटभन्दा बढी काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने ।

२२. बार्षिक १ लाख क्यूविक फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने ।

२३. अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनभन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२४. अति घातक पदार्थ जस्तैः आइसोनाइट, मर्करी कम्पाउण्ड आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२५. माथि उल्लेखित प्रस्तावहरु एवं कम्प्यूटर, सफ्टवेयर, विद्युतिय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. २ अर्बभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग ।

२६. रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने ।

२७.नेपाली सेना वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने ।

**(इ) खानी क्षेत्र**

१. खानी उत्खनन् गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्याको स्थायी बसोबास,स्थानान्तरण वा पुनर्वास गर्ने ।

२. खानी उत्खनन कार्यको लागि:-

(क) सबै रेडियोधर्मी धातुहरुको उत्पादन गर्न उत्खनन् कार्य गर्ने ।

(ख) अन्य धातुहरु उत्पादन गर्न भूमिगत उत्खनन् भए दैनिक १००० टनभन्दा बढी रसतही उत्खनन् भए दैनिक २०० टनभन्दा बढी उत्खननको कार्य गर्ने ।

(ग) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २००० मेट्रिक टनभन्दा बढी र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टनभन्दा बढी उत्खननको कार्यगर्ने ।

(घ) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल र औद्योगिक माटोको उत्खननका लागि दैनिक ५०० क्यु.मी. भन्दा बढी उत्खनन् कार्य गर्ने ।

(ङ) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १००० टनभन्दा बढी र सतही उत्खनन् भए दैनिक २००० टनभन्दा बढी उत्खनन् कार्य गर्ने ।

(च) दैनिक २ लाख घनमिटरभन्दा बढी प्राकृतिक ग्याँस (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने ।

(छ) पेट्रोलियम पदार्थको उत्खनन् र प्रशोधन सम्बन्धी कार्य गर्ने ।

(ज) नदी नाला सतहबाट दैनिक ३०० घनमिटर भन्दा बढी बालुवा, ग्राभेल (गिर्खा माटोनिकाल्ने । तर नदी नाला सतहबाट विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल (गिर्खा), माटो निकाल्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे पुग्नेछ ।

(झ) एस्वेस्टस खनिजको उत्खनन् कार्य गर्ने ।

**(ई) सडक क्षेत्र**

१. २५ कि. मि. भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडकहरु निर्माण गर्ने ।

२. ५० कि. मि. भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने ।

३. ५ कि. मि. भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने ।

४. ५ कि. मि. भन्दा लामो सडक प्रयोजनको लागि सुरुङहरू बनाउने ।

**(उ) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र**

१. १०,००० वर्गमिटर क्षेत्रफलभन्दा माथिको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने ।

२. २,००० वा सो भन्दा बढी जनाभन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर,Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने ।

३. ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने ।

४. १०० हेक्टरभन्दा माथिको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. १६ तल्ला वा ५० मिटर भन्दा माथिका भवनहरु निर्माण गर्ने ।

**(ऊ) जलस्रोत र ऊर्जा क्षेत्र**

१. ५० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने ।

२. विद्युत् उत्पादन अन्तर्गत:-

(क) १ मेगावाटभन्दा बढीको कोइला वा आणविक विद्युत् उत्पादन आयोजना सञ्चालनगर्ने ।

(ख) ५ मेगावाटभन्दा बढीको खनिज तेल वा ग्याँसबाट विद्युत् उत्पादन आयोजना सञ्चालनगर्ने ।

३. सिंचाइको नयाँ प्रणाली अन्तर्गत:-

(क) तराई र भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने ।

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाइ गर्ने ।

४. १०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने ।

५. वहुउद्देश्यीय जलाशयको निर्माण गर्ने ।

६. एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने ।

**७. नवीकरणीय ऊर्जा क्षेत्र:-**

(क) १० मेगा वाटभन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने।
(ख) १० मेगा वाटभन्दा बढी क्षमताको वायु ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने।
(ग) २ मेगा वाटभन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालनगर्ने ।

**(ए) पर्यटन क्षेत्र**

१. १०० शैयाभन्दा बढीको होटल निर्माण, स्थापना र सञ्चालन गर्ने ।
२. नयाँ विमानस्थल निर्माण गर्ने ।

**(ए) खानेपानी क्षेत्र**

१. ५०० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतहरुको प्रयोग गर्ने ।
२. सेफ इल्ड १०० एल. पि. एस. (LPS)भन्दा बढी सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने ।
३. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्जगर्ने ।
४. खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने ।
५. पानीको स्रोतको माथिल्लो भागमा ५०० जनाभन्दा बढीको जनसंख्या बसोबास गराउने ।
६. दुई लाखभन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।
७. दुई लाखभन्दा बढी मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।
८. जैविक एवं रासायनिक प्रदूषणहरू हुने स्रोतहरू वा तिनबाट प्रभावितहुनसक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने ।
९. प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने ।
१०. ५ कि. मि. भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।
११. सार्वजनिक खानीपानीका आपूर्तिका मुख्य स्रोतहरुमा कार्यान्वयन गरिने कुनै प्रस्ताव ।

**(ओ) फोहोर मैला व्यवस्थापन क्षेत्र**

१. १०,००० भन्दा बढी जनसंख्यालाई टेवा पुर्याउने उद्देश्यले सञ्चालन हुने फोहोरमैला व्यवस्थापन कार्य गर्ने ।
२. घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्ने:
(क) वार्षिक ५,००० टनभन्दा बढी फोहोरमैला जमिनमा भर्ने ।
(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरियासम्बन्धी काम गर्ने ।
(ग) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाटफोहोरमैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने ।
(घ) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्टसम्बन्धी काम गर्ने ।
(ङ) कम्तीमा १०,००० जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहोरमैला गाड्ने काम गर्ने ।

३. देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहोरमैलासम्बन्धी देहायका निर्माण सम्बन्धीकाम गर्ने:-

(क) फोहोरमैला संयन्त्र निर्माण ।

(ख) फोहोरमैला रिकोभरी प्लान्ट निर्माण ।

(ग) फोहोरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण ।

(घ) फोहोरमैला भण्डारण गर्ने ठाउँको निर्माण ।

(ङ) फोहोरमैला ट्रिटमेण्ट सुविधाको निर्माण ।

४. घातक फोहोर पदार्थ सम्बन्धी देहायका काम गर्ने:-

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुहरूको निष्काशन र व्यवस्थापन गर्ने ।

(ख) पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुहरुको निष्काशन र व्यवस्थापन गर्ने ।

(ग) कम्तीमा २५ शैय्या भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक घातक पदार्थहरूको अन्तिम निष्कासन व्यवस्थापन गर्ने ।

(घ) कुनै पनि घातक पदार्थलाई भष्म वा पुनः प्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढीक्षेत्रफल जमिन र ऊर्जा सम्बन्धी कुनै काम गर्ने ।

**(औ) कृषि क्षेत्र**

१. पहाडमा १ हेक्टरभन्दा बढी र तराईमा ५ हेक्टरभन्दा बढी सरकारी वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. कृषियोग्य भूमिमा शहरीकरण गर्ने ।

३. जीवनाशक विषादी (सूचित विषादीहरुको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने ।

**(अं) स्वास्थ्य क्षेत्र**

१. १०० शैय्याभन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अधययन/अध्यापन समेत) संचालन गर्ने ।

**(अः) देहायको क्षेत्रमा कुन प्रस्ताव कार्यान्वयन गर्ने भएमाः**

१. ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र ।

२. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा रामसारमा सूचिकृत सीमसार क्षेत्र ।

(तर यी क्षेत्रबाट भएर बग्ने नदीनालाको सहतबाट व्यवसायिक प्रयोजन बाहेक विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुंगा, गिट्टी, वालुवा, गिर्खा, माटो निकाल्ने प्रस्तावको हकमा भने अनुसूचि-१ र अनुसूची-२ मा भएको व्यवस्था लागु हुने ।)

(अः१) माथि खण्ड (अ) देखि खण्ड (अः) सम्म उल्लेखित र सोभन्दा वढीस्तरका प्रस्तावहरु तथा अनुसूची-२ मा उल्लेखित  र सोभन्दा कमस्तरका पस्तावहरूबाहेक चालीस करोड रूपैयाँभन्दा बढी लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भूउपयोग परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने ।

**अनुसूची-४**

**<u>क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा</u>**

**<u>नियम ४ को उपनियम (१) संग सम्बन्धित</u>**

........आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

( प्रकाशित मिति . ... ...)

....... प्रदेश........ जिल्लाहरु...........नगरपालिका/गाउँपालिकामा (प्रस्तावकको नाम उल्लेख गर्ने) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ..............(नाम), .............(ठेगाना), .......(ई-मेल)............(फोन नं.) |
| प्रस्तावको व्यहोरा | आयोजनाको मुख्य विशेषताको विषयवस्तु उल्लेख गर्ने |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | ........... जिल्ला ......... न.पा/गा.पा हरु |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | .................(नाम), ..............(ठेगाना), .........(ई-मेल)................(फोन नं.) |
| प्रामर्शदाताको नाम र | .................(नाम), .............(ठेगाना), ..........(ई-मेल)...............(फोन नं.) |

| | |
|---|---|
| ठेगाना | |

**अनुसूची-५**

**वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्र निर्धारण प्रतिवेदन ढाँचा**

**नियम ४ को उपनियम (३) संग सम्बन्धित)**

**(आवरण पृष्ठको ढाँचा)**

प्रस्तावको शिर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

.......... (प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदन ..........................................

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

.......... (प्रस्तावकको नाम र ठेगाना)...........

............ (महिना, वर्ष)..............

**प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी देहायका कुरा स्पष्ट खुलाउनु पर्ने**

**१. परिचयः**

- भूमिकाः
- प्रस्तावकको परिचयः
- प्रस्तावको परिचयः
- क्षेत्र निर्धारणको उद्घेश्यः
- प्रस्तावको सान्दर्भिकताः
- कानूनी औचित्यताः

**२. प्रस्तावको बारेमा जानकारीः**

- प्रस्तावको परिचयः
- स्थान।अवस्थिति र पहुँचः
- प्रकृति/किसिमः
- संरचनाहरुको जानकारी र अवयवहरुः (Salient Features) (प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मेल खाने हिसाबले प्रस्तुत गर्नुपर्ने)
- प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापहरुः (निर्माण पूर्व, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा)

- निर्माण योजनाः
- जग्गाको क्षेत्रफल
- जग्गाको प्रकार

प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

- आवश्यक जनशक्ति, निर्माण सामाग्री (परिमाण र श्रोत), निर्माण तालिका, प्रयोग हुने उर्जा (किसिम, श्रोत, खपत हुने परिमाण), प्रयोग हुने प्रविधि associated/ ancillary facilities, प्रस्ताव कार्यान्वयन तालिका
- अन्य थप विवरण

**३ प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि सम्झौताः**

(प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी पुनरावलोकन गर्नु पर्ने)

| | **प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिने दफा÷नियम÷खण्ड आदि र सम्बन्धित बुँदा** | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| संविधान | | |
| नीति | | |
| ऐन | | |
| नियमावली | | |
| निर्देशिका | | |
| मापदण्ड | | |
| सन्धि सम्झौताहरु | | |
| | | |
| | | |

**४. क्षेत्र निर्धारण प्रतिवेदन तैयार गर्दा अवलम्बन गर्नुपर्ने विधिः**

(क) साहित्यिक पुनरावलोकन

(ख) सूचना प्रकाशनः क्षेत्र निर्धारण सम्बन्धी सूचना यसैसाथ संलग्न अनुसूची-४ को ढाँचा अनुरुप हुनुपर्दछ

(ग) स्थलगत अध्ययन

(घ) छलफल तथा परामर्श

(ङ) वातावरणीय सवालहरुको पहिचान तथा प्राथमिकीकरणः यस कार्यको लागि देहायका औजार (Tool) हरुको प्रयोग गर्न सकिनेछ-

१ चेकलिष्ट

२ Interaction matrix

३ Stepped matrix

४ Network

माथि उल्लेखित बुँदा नं. १ र २ का Tools हरु प्राथमिक सवाल पहिचानको लागि प्रयोग गरिन्छ भने बुँदा नं ३ र ४ का Tools हरु द्वीतीय तथा तृतीय सवाल समेतको पहिचानको लागि प्रयोग गरिन्छ ।

**क्षेत्र निर्धारण प्रतिवेदन तयारी**

**५. विद्यमान वातावरणीय अवस्थाः**

प्रस्तावले प्रभाव पार्न सक्ने स्थानहरुको भौतिक, रसायनिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वस्तुस्थितिको बारेमा आधारभूत जानकारी (न्यूनतम चेकलिष्टमा भएमा तथ्याङ्क आवश्यक पर्ने)

**तालिका विभिन्न क्षेत्रहरु र आवश्यक आधारभूत तथ्याङ्क वा विवरणका किसिम**

| **अवयव** | **आवश्य विवरण** | **प्रस्तावका क्षेत्रहरु** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जलस्रत र ऊर्जा | स्वास्थ्य | कृषि | उद्योग | वन | === |
| भौतिक वातावरण | | | | | | | |
| भौगोलिक अवस्था, धरातलीय अवस्था र भू-उपयोग | | | | | | | |
| जलवायु | वर्षा | | | | | | |
| | तापक्रम | | | | | | |
| | आद्रता | | | | | | |
| | वायुको दिशा | | | | | | |
| जल तथा जलाधार क्षेत्र | नदी | | | | | | |
| | ताल | | | | | | |
| | अन्य जलस्रोत | | | | | | |
| | बाढी | | | | | | |
| | हिमताल विष्फोटिट बाढी | | | | | | |
| भू-गर्भ | चट्टान र माटोको किसिम | | | | | | |
| | भूगर्भिय बनौट/संरचना | | | | | | |
| | पहिरो भू-क्षय | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भुकम्पीय जोखिम | | | | | | |
| वायुको गुणस्तर र ध्वनिको स्तर | वायुको गुणस्तर | | | | | | |
| | ध्वनिको अवस्था | | | | | | |
| पानीको गुणस्तर | सतही पानीको गुणस्तर | | | | | | |
| | जमिन मुनीको पानीको गुणस्तर | | | | | | |
| जैविक वातावरण | | | | | | | |
| वनस्पति | <u>जंगलको किसिम</u><br>जलवायुको आधारमा<br>वनस्पतिको आधारमा | | | | | | |
| | संरक्षणको अवस्था<br>• वन व्यवस्थापनको अवस्था<br>• वनस्पतिका प्रमुख प्रजातिहरु<br>• Ethnobotany का दृष्टिले महत्वपूर्ण प्रजातिहरु<br>• जलीय वनस्पतिहरु | | | | | | |
| प्राणी (जनावर) | वन्यजन्तु | | | | | | |
| | चराहरु | | | | | | |
| | सरीसृप | | | | | | |
| | जलचरहरु (प्रजातिहरु, विचरणको अवस्था, वासस्थानको अवस्था) | | | | | | |
| | वन्यजन्तुको वासस्थानको अवस्था | | | | | | |
| माछा जलचर | | | | | | | |
| वनस्पति र प्राणीको प्रजातिको अवस्था | | | | | | | |
| सामाजिक, आर्थिक तथा सास्कृंतिक | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जनसांख्यिक विवरण | जनसंख्या | | | | | | |
| | जन्म, मृत्यूको अवस्था | | | | | | |
| | लैंगिक विवरण | | | | | | |
| | उमेर समूह | | | | | | |
| | जात | | | | | | |
| | धर्म | | | | | | |
| | पेशा | | | | | | |
| | घरधुरी | | | | | | |
| | बसाई सराई | | | | | | |
| शिक्षा | शैक्षिक संस्थाको संख्या र किसिम | | | | | | |
| | साक्षरता दर | | | | | | |
| | शैक्षिक स्तर | | | | | | |
| स्वास्थ्य र सरसफाई | स्वास्थ्य स्थिति | | | | | | |
| | रोगका प्रकार | | | | | | |
| | स्वास्थ्य संस्थाहरुको अवस्था | | | | | | |
| | खानेपानीको अवस्था | | | | | | |
| | शौचालयको अवस्था | | | | | | |
| | फोहोरमैला व्यवस्थापनको अवस्था | | | | | | |
| भौतिक÷सामुदायिक पूर्वाधार | यातायात पूर्वाधार | | | | | | |
| | ऊर्जा आपूर्ति | | | | | | |
| | संचार (टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा) | | | | | | |
| | खानेपानी | | | | | | |
| | बजार | | | | | | |
| | सिंचाई प्रणाली | | | | | | |
| | उद्योग÷कलकारखाना | | | | | | |
| आर्थिक | रोजगारी÷पेशा÷व्यवसाय | | | | | | |
| | जग्गाको स्वामित्व | | | | | | |
| | कृषि उत्पादन | | | | | | |
| | पशुपालन | | | | | | |
| | आय आर्जन र खर्च | | | | | | |
| | अन्य उत्पादन | | | | | | |
| जलउपयोग | कृषि प्रयोजनको लागि जल | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपयोग | | | | | | |
| | उपल्लो र तल्लोतटीय जल उपयोगको अवस्था | | | | | | |
| संस्कृति | ऐतिहासिक र साँस्कृतिक धरोहरहरु | | | | | | |
| | साँस्कृतिक महत्वका खुलास्थलहरु | | | | | | |
| | धार्मिक स्थलहरु | | | | | | |
| | सांस्कृतिक मान्यता, चालचलन र परम्परा | | | | | | |
| भाषा | स्थानीय भाषाहरु र बोल्ने समुदाय | | | | | | |
| | मातृ भाषा बोल्ने समुदाय | | | | | | |
| चाडवाड र अन्य प्रथाहरु | प्रमुख चाडवाड र समारोहहरु | | | | | | |
| | अन्तिम संस्कार गर्ने स्थल र प्रचलन | | | | | | |

**६. क्षेत्र निर्धारणको लागि अध्ययनमा संलग्न विज्ञले पहिचान गरेका र सम्बन्धित सरोकारवालाहरुले उठाएका सवालहरु तथा ती सवालहरुको औचित्यताको आधारमा प्राथमिकता निर्धारणः**

अध्ययनमा संलग्न विज्ञहरुले पहिचान गरेका तथा सरोकारवालाहरुले उठाएका भौतिक, जैविक, सामाजिक, आर्थिक सांस्कृतिक वातावरणीय सवालहरुको छुट्टा छुट्टै सूची तयार गर्नुपर्नेछ र यसरी छुट्याईएका सूचीबाट औचित्यता र सान्दर्भिकता खुलाई वातावरणीय सवालहरुको प्राथमिकता निर्धारण गरी अन्तिम सूची तयार गर्नुपर्नेछ । यसरी अन्तिम सूची तैयार गर्दा सरोकारवालाहरुले उल्लेख गरेका सवालमध्ये कुनै सवाल समावेश नभएमा सो समावेश नहुनुका कारण उल्लेख गर्नुपर्नेछ ।

**७. सवालहरुको पहिचान**

सवालहरुको पहिचान देहाय बमोजिम गर्नपर्नेछ

- सरोकारवालाहरुले पहिचान गरेका सवालहरु
- अध्ययन टोलीले पहिचान गरेका सवालहरु
- प्राथमिकीकरण गरिएका सवालहरु
- प्राथमिकीकरण गरिएका सवालहरुदेहायको तालिका बमोजिम उल्लेख गर्नपर्नेछ

| | सकारात्मक सवालहरु | नकारात्मक सवालहरु |
|---|---|---|
| **निर्माण चरण** | | |
| भौतिक | | |

| | | |
|---|---|---|
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| **संचालनको चरण** | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| सांस्कृतिक | | |

**अनुसूची-६**

**संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची**
**(नियम ५ को उपनियम (१) संग सम्वन्धित)**

(आवरण पृष्ठको ढाँचा)

.......... (प्रस्तावको नाम) ............... को

सं्क्षितप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची

.......................................................

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

.............. (प्रस्तावकको नाम र ठेगाना).......

.................. (महिना, वर्ष)..........

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः-
२. प्रस्तावकोः-
(क) सामान्य परिचय
(ख) प्रस्तावको सान्दर्भिकता
३. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

(क) सामाजिक-आर्थिक

(ख) साँस्कृतिक-भौतिक

(ग) रसायनिक

(घ) जैविक

५. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

६. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

७. अन्य आवश्यक कुराहरू ।

**अनुसूची-७**

**प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची**

**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

(आवरण पृष्ठको ढाँचा)

.......... (प्रस्तावको नाम) ............... को

प्रारम्भिक वातावरणीय प्रतिवेदनको कार्यसूची

.......................................................

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः यहाँ वन तथा वातावरण मन्त्रालय र प्रस्तावसँग सम्बन्धित विभाग वा निकायको नाम र ठेगाना)

प्रस्तावक

............. (प्रस्तावकको नाम र ठेगाना)......

.................. (महिना, वर्ष)..........

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

२. प्रस्तावको–

(क) सामान्य परिचय

(ख) प्रस्तावको सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू

५. प्रतिवेदन तयार गर्दा लाग्ने:-

(क) समय

(ख) अनुमानित बजेट

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव:-

(क) सामाजिक-आर्थिक

(ख) साँस्कृतिक-भौतिक

(ग) रसायनिक

(घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका विकल्पहरू:-

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ

(घ) अन्य कुराहरू

९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

११. अन्य आवश्यक कुराहरू ।

**अनुसूची-८**

**वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची**

**(नियम ५ को उपनियम (१) संग सम्बन्धित)**

(आवरण पृष्ठको ढाँचा)

.......... (प्रस्तावको नाम) .............. को

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको कार्यसूची

.......................................................

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

............. (प्रस्तावकको नाम र ठेगाना).......

................. (महिना, वर्ष)..........

## अध्याय १

प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

भूमिकाः

प्रस्तावकको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोन: फ्याक्स:

इमेलः

परामर्शदाता संस्था वा व्यक्तिः

संस्था वा व्यक्तिको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः फ्याक्सः

इमेलः

ToR को उद्देश्यः

EIA को उद्देश्यः

EIA को औचित्यताः

## अध्याय २

**प्रस्तावको बारेमा जानकारीः**

२.१ प्रस्तावको सामान्य परिचयः

२.२ प्रस्तावको सान्दर्भिकताः यस अन्तरगत प्रस्तावको उद्देश्य, आवश्यकता र औचित्यता खुलाउनु पर्नेछ ।

२.३ स्थान/अवस्थिति र पहुँचः

२.४ प्रकृति/किसिमः

२.५ संरचनाहरुको जानकारी र अवयवहरु (Components): (Salient Features) (प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासंग मेल खाने हिसाबले प्रस्तुत गर्नुपर्ने) ।

२.६ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापहरुः (निर्माण पूर्व, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा) ।

२.७. निर्माण योजनाः

२.७.१ आवश्यक जग्गाको क्षेत्रफलः

२.७.२ जग्गाको प्रकारः निजी/सरकारी/वन क्षेत्र आदी

२.८. प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

२.८.१ आवश्यक जनशक्ति,

२.८.२ निर्माण सामाग्री (परिमाण र स्रोत),

२.८.३ निर्माण तालिका,

२.८.४ प्रयोग हुने ऊर्जा (किसिम, स्रोत, खपत हुने परिमाण),

२.८.५ प्रयोग हुने प्रविधि Associated/ ancillary facility, प्रस्ताव कार्यान्वयन तालिका,

२.८.६ अन्य थप विवरण ।

## अध्याय ३.

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कः

३.१.१ भौतिक तथा रासायनिक वातावरणः

३.१.२ जैविक वातावरणः

३.१.२ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

३.२ तथ्याङ्क संकलन गर्न अपनाइने विधिः

३.२.१ सन्दर्भ सामग्रीहरुको पुनरावलोकनः

३.२.१.१ भू-बनोट, भौगोलिक स्थिति, भू–उपयोग, भू–क्षमता र अध्ययनसँग सम्बन्धित नक्शाहरु,

३.२.१.२ सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु,

३.२.१.३ प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

३.२.१.४ भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

३.२.१.५ उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

३.२.१.६ वातावरण प्रभाव मूल्याङ्ढनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्व रेखा चित्र,

३.२.१.७ अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीहरुको सन्दर्भ सूची ।

३.२.१.२ स्थलगत अध्ययनः (यस अन्तर्गत भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणीय अध्ययनका लागि प्रयोग गरिने विधिहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ)

३.२.१.२ भौतिक वातावरणमा अपनाउनुपर्ने विधिः

३.२.१.२.१ Walkthrough/Direct Observation

३.२.१.२.२ हावा, पानी र माटोको नमूना संकलन

३.२.१.२.३ ध्वनिको तह मापन

३.२.१.३ जैविक वातावरणमा अपनाउनुपर्ने विधिः

३.२.१.३.१ Walkthrough/ Direct Observation

३.२.१.३.२ Sampling

३.२.१.३.३ Transect Walk

३.२.१.३.४ Key Informant Interview

३.२.१.४ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणमा अपनाउनुपर्ने विधिः

३.२.१.४.१ Walkthrough/ Direct Observation

३.२.१.४.२ सरोकारवालासँग छलफल

३.२.१.४.३ Focus Group Discussion

३.२.१.४.४ Key Informant Interview

३.२.१.४.५ Group Discussion

**अध्याय ४.**

प्रतिवेदन तयार गर्दा अध्ययन गरिने नीति, ऐन, नियम तथा निर्देशिका

४.१ प्रतिवेदन तयार गर्दा पुनरावलोकन गर्नुपर्ने नीति, ऐन, नियम र निर्देशिकाहरुः

४.१.१ नेपालको संविधान

४.१.२ प्रस्तावसँग सम्बन्धित नीति, रणनीतिहरु

४.१.३ प्रस्तावसँग सम्बन्धित आवधिक योजनाहरु

४.१.४ प्रस्तावसँग सम्बन्धित ऐनहरु

४.१.५ प्रस्तावसँग सम्बन्धित नियमावलीहरु

४.१.६ प्रस्तावसँग सम्बन्धित निर्देशिकाहरु

४.१.७ प्रस्तावसँग सम्बन्धित वातावरणीय तथा अन्य मापदण्डहरु

४.१.८ प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु

**अध्याय ५.**

५.१. प्रतिवेदन तयार गर्दा लाग्नेः

५.१.१ समय

५.१.२ अनुमानित बजेट

५.१.३ विज्ञ जनशक्तिः अध्ययन दलका सम्पूर्ण सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं. तथा दस्तखत ।

**अध्याय ६.**

६.१ क्षेत्र निर्धारण प्रतिवेदनमा पहिचान गरी प्राथमिकीकरण गरिएका सवालहरुको सूची राख्नुपर्नेछः

६.१.१ सरोकारवालाहरुले उठाएका सवालहरु

६.१.२ अध्ययन दलले देखेका सवालहरु

६.१.३ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न प्राथमिकीकरण गरिएका सवालहरु

६.१.१ ४ सरोकारवालाले उठाएका तर प्राथमिकीकरणमा नपरेका सवालहरु हटाउनुको औचित्य

**अध्याय ७.**

७.१ अध्याय ६ मा उल्लेखित सवालहरुको आधारमा प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्यांकन गर्ने सम्बन्धी विधि तथा औजारहरुको व्याख्या गर्नुपर्नेछः

७.२ प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्यांकन गर्ने क्रममा देहायको तालिका बमोजिम गर्नुपर्नेछ

| **सकारात्मक प्रभावहरु** | |
|---|---|
| **निर्माणपूर्वको चरण (आवश्यकतानुसार)** | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| **निर्माण चरण** | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| **संचालन चरण** | |
| भौतिक | |

| | |
|---|---|
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| **नकारात्मक प्रभावहरु** | |
| **निर्माणपूर्वको चरण (आवश्यकतानुसार)** | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| **निर्माण चरण** | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| **संचालन चरण** | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |

## अध्याय ८.

८.१ प्रस्ताव कार्यान्वयनका विकल्पहरुः आयोजना नबन्दाको स्थिति, आयोजनाको प्रकार, वनक्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र संचालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थ, प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हने जोखिम स्वीकार गर्न सकिने वा नसकिने लगायतका पक्षहरुलाई मनन गरी प्रस्तावको विकल्प विश्लेषण गर्नुपर्नेछ ।

## अध्याय ९.

९.१ प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सकारात्मक प्रभाव बढाउने, नकारात्मक प्रभाव हटाउने उपायहरुः नकारात्मक प्रभाव हटाउने उपायहरु अवलम्बन गर्दा देहायका तरिकाहरु अपनाउनु पर्नेछ भनी उल्लेख गर्नुपर्नेछः

९.१.१ निरोधात्मक (Preventive)

९.१.२ सुधारात्मक (Corrective)

९.१.३ क्षतिपूर्ति (Compensatory)

**अध्याय १०.**

१०.१ वातावरणीय व्यवस्थापन योजनाः

**अध्याय ११.**

११.१ वातावरणीय अनुगमनको योजनाः

**अध्याय १२.**

१२.वातावरणीय परिक्षणः यस अन्तर्गत वातावरणीय परिक्षण कहिले र कुन निकायले गर्ने भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ ।

**अध्याय १३.**

१३.अनुसूचीहरुः कार्यसूचीको अनुसूचीमा विषयवस्तुहरु देहाय बमोजिम हुनुपर्नेछः

- नक्साहरु
- चित्रहरु
- प्रयोग गरिने चेकलिष्टहरु
- प्रश्नावलीहरु
- सूचना
- सूचना टाँस गरेको प्रमाण, मुचुल्काहरु

**अध्याय १४.**

१४.१ वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनको रुपरेखा/बिषयसूचीः अनुसूची-१२ को ढाँचा अनुसारको विषय सूचिहरु समावेश गर्नु पर्नेछ ।

## अनुसूची-९
## संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्ने विज्ञहरू
## (नियम ६ को उपनियम (१) संग सम्वन्धित)

(क) वातावरण विज्ञान, वातावरण व्यवस्थापन, वातावरण इञ्जिनियरिङ्ग वा प्राकृतिक स्रोत व्यस्थापन वा दिगो विकास व्यवस्थापन वा प्रस्तावसंग सम्बन्धित प्रमुख विषयमा न्यूनतम स्नातकोत्तर डिग्री उपाधि हासिल गरी कम्तीमा ७ (सात) वर्षको कार्य अनुभव प्राप्त व्यक्ति- अध्ययन दलको संयोजक

(ख) सिभिल, आर्किटेक्ट, मेकानिकल वा केमिकल इञ्जिनियरिङ्ग वा हाइड्रोलोजीमा न्यूनतम स्नातकोत्तर डिग्री उपाधि हासिल गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

(ग) माथि खण्ड (क) मा वातावरण विषयमा स्नातकोत्तर डिग्री उपाधि हासिल गरेको विज्ञ अध्ययन दलको संयोजक नभएको अवस्थाका लागि वातावरण विज्ञान, व्यवस्थापन वा इञ्जिनियरिङ्गमा न्यूनतम स्नातकोत्तर डिग्री उपाधि हासिल गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

(घ) जीव विज्ञानमा न्यूनतम स्नातकोत्तर डिग्री उपाधि हासिल गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

(ङ) समाज शास्त्र/मानव शास्त्रमा न्यूनतम स्नातकोत्तर डिग्री उपाधि हासिल गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

(च) वन जैविक विविधता क्षेत्र प्रभावित हुने गरी कार्यान्वन गर्ने प्रस्तावको हकमा वन विज्ञान वा प्राकृतिक स्रोत व्यवस्थापनमा न्यूनतम स्नातकोत्तर डिग्री उपाधि हासिल गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

(छ) प्रयोगशालामा वैज्ञानिक परीक्षण गरी तथ्यांक विश्वेषण गरी प्रतिवेदन तयारी गर्नु पर्ने प्रस्तावको हकमा यस्तो परीक्षण गर्ने स्नातक डिग्री उपाधि प्राप्त गरी कम्तीमा ३ (तीन वर्ष) को कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

(ज) प्रतिवेदन लेखनको अनुभवी स्नातकोत्तर डिग्री उपाधि प्राप्त भाषा विज्ञ- अध्ययन दलको परामर्श दाताको रूपमा रहनु पर्ने ।

नोटः- संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा माथि उल्लेखित सबै क्षेत्रका विज्ञहरूको आवश्यकता नपर्ने प्रस्तावको हकमा भने सम्बन्धित विषय विज्ञहरुमात्र रहेको अध्ययन दलले यस्तो प्रतिवेदन तयार गर्न सक्नेछ । त्यस्तै प्रस्तावको विशिष्टितताको आधारमा सोही विषयमा कम्तीमा स्नातकोत्तर प्राप्त गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको विज्ञलाई समेत अध्ययन दलमा समावेश गर्नु पर्नेछ । माथि खण्ड (ख) देखि खण्ड (छ) सम्मका योग्यता भएका विज्ञहरु

अध्ययन दलको सदस्य नभइ प्रस्तावको प्रकृति अनुसार सीमित समयको लागि अध्ययन कार्यमा परामर्श दाताको रुपमामात्र संलग्न हुन सक्नेछन् ।

## अनुसूची-१०
## संक्षिप्त वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू
## (नियम ६ को उपनियम (२) संग सम्बन्धित

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:
२. प्रस्तावको सारांशः
३. प्रतिवेदनमा रहनु पर्ने विषयहरू:-
(क) प्रस्तावको उद्देश्य,
(ख) भू-उपयोगमा पर्ने असर,
(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,
(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,
(ङ) अन्य आवश्यक कुराहरू ।
(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण:
(ञ) उत्पादन प्रक्रिया
(ट) प्रविधिको विवरण
(ठ) अन्य आवश्यक कुराहरू
४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरू-
(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव
(ख) जैविक प्रभावहरू
(ग) भौतिक प्रभावहरू
६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरू
७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू
८. अन्य आवश्यक कुराहरू
द्रष्टव्यः- प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्यांक, नक्सा, चित्र, तालीका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्ने छ ।

**अनुसूची-११**

**प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू**

**(नियम ६ उपनियम (२) सँग सम्बन्धित)**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:-

२. प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू-उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,

(घ) स्थानीय चीज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरू ।

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने:-

(क) प्रस्तावको किसिम

(१) प्रशोधन गर्ने

(२) उत्पादन गर्ने

(३) जडान गर्ने

(४) सर्भिस डेलिभरी

(५) अन्य

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

(ग) प्रस्तावको:-

(१) जडान क्षमता

(२) प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने

(घ) प्रयोग गरिने सामाग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो) खुलाउनु पर्ने ।

(१) ठोस

(२) तरल

(३) हावा

(४) ग्यास

(५) ध्वनि

(६) धूलो

(७) अन्य

(च) प्रयोग हुने ऊर्जाको-

(१) किसिम

(२) स्रोत

(३) खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा)

(छ) जनशक्तिको आवश्यकता कति पर्ने

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

(१) कुल पूँजी

(२) चालु पूँजी

(३) जमिनको क्षेत्रफल

(४) भवन र तिनका किसिम

(५) मेसिनरी औजार

(६) अन्य

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण:

(१) नक्सा

(२) सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति

(३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिजवस्तुको विवरण

(४) हालको स्थिति

(५) पानीको स्रोत

(६) फोहोरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था

(७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटो

(ञ) उत्पादन प्रक्रिया

(ट) प्रविधिको विवरण

(ठ) अन्य आवश्यक कुराहरू

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरू:-

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

(१) मानव स्वास्थ्यमा पर्ने प्रभाव

(२) खेती योग्य जमिनको क्षय

(३) वन जंगलको क्षय

(४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

(५) अन्य

(ख) जैविक प्रभावहरू

(१) जनसंख्या

(२) वनस्पति तथा जीवजन्तु

(३) प्राकृतिक वासस्थान र समुदाय

(ग) भौतिक प्रभावहरू

(१) जमिन

(२) वायुमण्डल

(३) पानी

(४) ध्वनि

(५) मानव निर्मित वस्तुहरू

(६) अन्य

५) प्रभाव कार्यान्वयनका विकल्पहरू:-

(१) डिजाइन

(२) आयोजना स्थल

(३) प्रक्रिया, समय-तालिका

(४) प्रयोग हुने कच्चा पदार्थ

(५) अन्य कुराहरू

६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरू

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

८. अन्य आवश्यक कुराहरू

द्रष्टव्यः- प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्यांक, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्ने छ ।

**अनुसूची-१२**

**वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू**

**(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)**

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको ढाँचा

प्रस्तावको शिर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

.........(प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन

.......................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

मार्फतः

यहाँ सम्बन्धित निकायको नाम र ठेगाना

प्रतिवेदन पेश गर्ने निकायको नाम र ठेगानाः

................ (महिना, वर्ष)............

प्रतिवेदनको कार्यकारी सारांशः वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनका हरेक अध्यायका मुख्य मुख्य कुराहरु समावेश गरी मुख्य पाठको यथेष्ट जानकारी दिने गरी सरल भाषामा प्रतिवेदनको पूर्ण पाठको सारांश नेपाली र अंग्रेजी भाषामा एकरुपता हुने गरी लेख्नु पर्नेछ ।(५पृष्ठसम्म)

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्दहरु (Acronyms and Abbreviations): प्रतिवेदनमा प्रयोग भएका छोटो रुपका शब्दहरु र तिनको पूर्णरुप यहाँ लेख्नु पर्नेछ। (पृष्ठ आवश्यकता अनुसार)

विषय सूचीः प्रतिवेदन मा उल्लेख गरिए अनुसारका अध्यायहरु र ती अध्याय अन्तर्गतका शीर्षक तथा उपशीर्षकहरु पृष्ठ संख्यासहित लेख्नु पर्नेछ । यसो गर्दा प्रतिवेदन पढ्ने जो कोहीले पनि प्रतिवेदनको पूर्ण पाठले समावेश गरेका कुराहरु एक साथ सजिलै हेर्न सक्नेछ ।(पृष्ठ आवश्यकता अनुसार)

**अध्याय १ (बढीमा ३ पृष्ठ)**

(१)प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगानाः

(क) प्रस्तावकको पूरा नाम, ठेगाना, ईमेल र फोन नं सहित

(ख) परामर्शदाताको पूरा नाम, ठेगाना, ई मेल र फोन नं सहित (परामर्शदाता नियुक्त गरिएको अवस्थामा मात्र लाग हुने)

(ग) वातावरणीय प्रभाव मूल्याकनको औचित्य

(घ) वातावरणीय प्रभाव मूल्याकनको उद्देश्य (आधा पृष्ठ)

(ङ) अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुराहरुः वातावरणीय मूल्यांकन आयोजनाको तहमा गरिने स्थान विशेषको अध्ययन भएको र कुनै पनि आयोजनाको क्षेत्र सीमित हुने भएकाले यस प्रकारको अध्ययनको सीमितता हुन्छ ।

**अध्याय २ (वढीमा १० पृष्ठ)**

**२.प्रस्तावको परिचय**ः प्रतिवेदनको पहिलो अध्यायको रुपमा प्रस्तावसंग सम्बन्धित र स्थलगत रुपमा जानकारी दिने विविध प्रकारका सूचना समावेश गरी देहायका शीर्षक र उपशीर्षक अन्तर्गत रही यो अध्याय तयार गर्न सकिने छ ।

क) भूमिकाः भूमिका विषय प्रवेश भएकाले प्रस्तावको बारेमा स्पष्ट जानकारी हुने गरी यस प्रकारको प्रस्तावको पृष्ठभूमि लगायत प्रस्ताव कार्यान्वयनको उद्देश्य, आवश्यकता तथा औचित्यता आदि कुराहरुलाई यस उप-शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्नेछ ।

ख) प्रस्तावको विवरणः आयोजना (प्रस्ताव) को अवस्थिति, पहुच, प्रस्तावका संरचनागत अवयवहरु, निर्माण तथा संचालन चरणका कृयाकलापहरु, आयोजनाका लागि आवश्यक निर्माण सामाग्री, ऊर्जा इन्धन आपूर्ति, कच्चा पदार्थ, जनशक्ति, जग्गा, निर्माण तालिका र आयोजनाका सहायक संचनाहरु जस्तै निर्माण सिविर आदि

ग) प्रस्तावको उद्देश्य

## अध्याय ३ (वढीमा १५ पृष्ठ)

**३. प्रतिवेदन तयार गर्दा अपनाइएको विधि**ः प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अध्ययन गर्दा वा अन्य सन्दर्भ सामग्री संकलन/अध्ययन गर्दा कुन-कुन तरिका अपनाई वातावरणका विविध पक्ष (भौतिक, रासायनिक, भौगोलिक, जैविक, सामाजिक-आर्थिक एवं सांस्कृतिक) मा तथ्यांक सकंलन गरिएको हो, सबै विधिहरु निम्नानुसार वर्गीकरण गरी प्रस्तुत प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ ।

(क)सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकनः

(क.१) प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष)

ख) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषणः

ग) चेकलिष्ट/म्याष्ट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याकं संकलनः

घ) स्थलगत अध्ययनः आयोजना क्षेत्रको अवलोकन तथा फोटो खिच्ने, नमूना संकलन गर्ने, चेकलिष्ट तथा प्रश्नावली भर्ने आदि ।

ङ) संकलित नमूना (माटो, पानी आदि) को प्रयोगशालामा विश्लेषण

च) प्राप्त तथ्यांकहरुको विश्लेषणः

छ) प्रभावको पहिचान, आंकलन तथा उल्लेखनीय प्रभावको मूल्यांकन गर्दा अपनाइएको विधिः

ज) मस्यौदा प्रतिवेदनको तयारी

झ) सार्वाजनिक परामर्ष, छलफल, अन्तरकृया र सुनुवाई आदि

ञ) सार्वजनिक सूचना तथा सूचना संप्रेषण र सुझाव संकलनः

ट) सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारीः

## अध्याय ४ (बढीमा १५ पृष्ठ)

**४.प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड**ः कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा आकर्षित (आयोजनालाई आवरोध हुने) हुने वा हुन सक्ने नीति, कार्यनीति, कानून, मापदण्ड तथा पुनरावलोकन र कार्यान्वयन हुने प्रस्तावको सन्दर्भमा उपर्युक्त संरचनाहरुको सान्दर्भिकता उल्लेख गर्नु उपयुक्त हुनेछ । प्रस्तावको क्षेत्र निर्धारण र कार्य सूची स्वीकृत हुँदा उक्त कार्य सूचीमा कानूनी संरचनाहरु उल्लेख हुने हुनाले तिनलाई निम्नानुसार वर्गीकरण गरी विश्लेषण गर्न सकिनेछ ।

क) संविधानः

(ख) आवधिक योजना, नीति तथा रणनीति/कार्यनीतिहरुः नेपाल सरकारले तय गरेका सम्बन्धित क्षेत्रका नीति तथा रणनीतिहरु र कार्यान्वयन हुने प्रस्तावसँग यस्ता नीति तथा रणनीतिको सम्बन्ध (सकारात्मक वा नकारात्मक) स्पष्ट खुलाउनु उपयुक्त हुनेछ ।

ग) ऐन तथा नियमालीः कुनै पनि क्षेत्रको प्रस्तावसँग प्रत्यक्ष सरोकार राख्ने वातावरणसँग सम्बन्धित राष्ट्रिय कानूनहरु र नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानूनहरु यदि आकर्षित हुने भए त्यस्ता कानूनहरु कुन हदसम्म आकर्षित हुनेछन् भनी प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ

।साथै, प्रस्तावको कार्यान्वयनमा यस्ता कानूनहरु बाधक हुने वा नहुने तथा प्रस्ताव कार्यान्वयन हुन सक्ने वा नसक्ने बारेमा स्पष्ट खुलाउनु पर्नेछ ।

घ) मापदण्ड, निर्देशिका तथा दिग्दर्शनः कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक-रासायनिक वातावरण (जस्तैः- पानी, हावा, ध्वनि आदि) संग सम्बन्धित मापदण्डहरु प्रतिवेदनमा समावेश गर्नु पर्दछ ताकी प्रस्ताव कार्यान्वयन अघि र कार्यान्वय निर्माण तथा संचालन) को क्रममा वातावरणका यी अवयवहरुको गुणमा हुन सक्ने परिवर्तन तथा तिनको न्यूनीकरणको उपायहरु शुरुमै चयन गर्न सकिनेछ । प्रस्तावसंग सम्बन्धित निर्देशिका तथा दिग्दर्शनहरु पनि पर्याप्त मात्रामा पुनरावलोकन गरी प्रतिवेदनमा प्रस्तुत गर्नु पर्दछ । यस्तो पुनरावलोकनले प्रतिवेदन तयार गर्न मार्गदर्शन पनि गर्नेछ ।

(ङ) अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु

| | प्रतावको कार्यन्वन गर्दा आकर्षित हुने धारा/दफा/ नियम/ खण्ड आदि र सम्बन्धित बुँदा |
|---|---|
| संबिधान | |
| नीति | |
| रणनीति | |
| ऐन | |
| नियमावली | |
| निर्देशिका | |
| मापदण्ड | |
| महासन्धि, अभिसन्धि, | |

## अध्याय ५ (वढीमा १५ पृष्ठ)

५. **विद्यमान वातावरणीय अवस्था**ः कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा आयोजना प्रभावित क्षेत्रको वातावरणका अवयवहरु (भौतिक, रासायनिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण) मा प्रभाव पर्न सक्ने भएको हुदा आयोजना प्रभावित क्षेत्रको विद्यमान वातावरणीय अवस्था स्पष्ट हुने आधार र परिमाणात्मक तथ्यांक संकलन गरी प्रस्तुत गर्नु पर्दछ।

यस अन्तर्गत आयोजना प्रभावित जिल्ला (आवश्यकतानुसार), नगरपालिका र गाँउपालिका, वडा र आयोजना प्रभावित स्थलको तथ्यांक संकलन गर्नुपर्नेछ ।

५.१ भौतिक वातावरणः क्षेत्रनिर्धारण प्रतिवेदनको विद्यमान वातवारणीय अवस्थाको ढाँचाको तालिकामा उल्लेखित भौतिक वातावरणका विवरणहरुको तथ्यांक संकलन गरी विस्तृत रुपमा व्याख्या गर्नपर्नेछ

क) भू-उपयोग

| भूउपयोगको किसिम | ओगटेको क्षेत्र | ओगटेको क्षेत्र प्रतिशतमा |
|---|---|---|

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

ख) भूगर्भ

| आयोजनाको क्षेत्र | विद्‌यमान भौगर्भिक जोखिम | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

ग) जल तथा मौसम

| | परिमाण र एकाई | कैफियत |
|---|---|---|
| औसत वायु तापक्रम | | |
| बार्षिक औसत अधिकतम तापक्रम | | |
| बार्षिक औसत न्यूनतम तापक्रम | | |
| औसत बर्षा | | |
| आयोजना क्षेत्रका मुख्य नदीहरु | | |
| औसत बहाव | | |
| अधिकतम बहाव | | |
| आयोजना क्षेत्रको हावापानी | | |

घ) वायू जल तथा ध्वानिको गुण

| | सूचकहरु | आधारभुत मान |
|---|---|---|
| वायूको अवस्था | पि एम १० | |
| | पि एम २५ | |
| | कार्वन मोनोअक्साइड | |
| पिउने पानीको अवस्था | टि एस एस | |
| | घुलित अक्सिजन | |
| | कन्डक्टिभिटी | |
| | कुल नाइट्रेट | |
| जमिन र नदीको पानीको अवस्था | टि एस एस | |
| | घुलित अक्सिजन | |
| | कन्डक्टिभिटी | |
| | कुल नाइट्रेट | |
| | | |
| | | |
| ध्वनीको अवस्था | वरिपरिको ध्वनिको परिमाण | |

| | | |
|---|---|---|
| | Equivalent Noise Level | |
| | | |

५.२ जैविक वातावरण

क) आयोजना क्षेत्रको वन सम्पदाको सूची

| वनको नाम | वनको किसिम | आयोजना क्षेत्रबाट दूरी |
|---|---|---|
| | | |
| | | |
| | | |

ख) वनस्पतिको सूची

| स्थानीय नाम | बैज्ञानिक नाम | परिवार | CITES | IUCN | नेपाल सरकार |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ग) प्रमुख गैह्र काष्ठ बनस्पतिहरु

| स्थानीय नाम | बैज्ञानिक नाम | उपयोग |
|---|---|---|
| | | |
| | | |
| | | |

घ) वन्यजन्तुको सूची

| स्थानीय नाम | बैज्ञानिक नाम | परिवार | CITES | IUCN | नेपाल सरकार |
|---|---|---|---|---|---|
| स्तनधारी | | | | | |
| | | | | | |
| चरा चुरुंगी | | | | | |
| | | | | | |
| सरीसृप | | | | | |
| | | | | | |
| माछा | | | | | |
| | | | | | |

५.३ सामाजिक-आर्थिक र संस्कृतिक वातावरण

| | |
|---|---|
| वस्तीको नाम | |
| आयोजनास्थलसंगको दूरी | |
| स्थानीय तह  र वडा | |
| जम्मा घरधुरी | |
| औसत घरधुरी संख्या | |
| महिला पुरुष अनुपात | |
| जाति र धार्मिक सम्प्रदाय | |
| धार्मिक स्थलहरु | |

| | |
|---|---|
| सांस्कृतिक रीतिरीवाजहरु | |
| शैक्षिक स्तर (प्रतिशत)<br>प्रवेशिका<br>स्नातक<br>स्नातकोत्तर | |
| शैक्षिक संस्थाहरु<br>प्राथमिक<br>निम्न माध्यमिक<br>उच्च माध्यमिक<br>कलेज एवं विश्वविद्यालय | |
| स्वास्थ्य र सफाईको अवस्था<br>स्थानीय रुपमा देखिने रोगहरु<br>स्वाथ्य संस्थाहरु | |
| रोजगारी (प्रतिशत) एवं आयस्तर | |
| सीमान्तकृत समूह | |
| उद्योग र यसका किसिमहरु | |
| पूर्वाधारहरु | |
| सडक र यसका किसिम | |
| जग्गा जमिनको मूल्य | |
| सार्वजनिक सुविधाहरु | |
| वसाईंसराईको स्थिति | |
| बजार र यसको स्थिति | |
| संभाव्य विकास केन्द्रहरु | |
| धार्मिक स्थलहरु | |
| भौतिक र जैविक वातावरणसम्बन्धी फिल्ड सर्भे कम्तीमा Seasons समावेश भएको हुनुपर्नेछ | |

**अध्याय ६ (बढीमा १५ पृष्ठ)**

**६. प्रस्तावको विकल्प विश्लेषणः** वातावरणीय मूल्यांकन प्रक्रियाले प्रस्तावको विकल्पको खोजी गर्दछ । प्रस्तावको कार्यान्वयन बाहेक अरु विकल्प नै नभएको स्थितिमा पनि प्रस्ताव कार्यान्वयन गर्ने अवधारणा भित्र रही विकल्पहरुको अध्ययन गरी प्रस्ताव गर्नु पर्नेछ र प्रस्तावित विकल्पहरुको कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल र प्रतिकूल प्रभावहरुको तलनात्मक आंकलन गर्नुपर्दछ ।

| विकल्पहरु | अनुकूल वातावरणीय प्रभाव | प्रतिकूल वातावरणीय प्रभाव |
|---|---|---|

| | | |
|---|---|---|
| **विकल्प १** | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-वनौट | | |
| अपनाईने प्रविधि | | |
| संचालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| प्रतिकूल असरहरु | | |
| **विकल्प २** | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-वनौट | | |
| अपनाईने प्रविधि | | |
| संचालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| प्रतिकूल असरहरु | | |
| **विकल्प ३** | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-वनौट | | |
| अपनाईने प्रविधि | | |
| संचालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| प्रतिकूल असरहरु | | |

## अध्याय ७ (बढीमा २० पृष्ठ)

**७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु तथा संरक्षणका उपायहरुः** प्रस्ताव कार्यान्वय गर्दा वातावरणमा पर्ने प्रभावहरुलाई निम्नानुसार वर्गीकरण गरी प्रभावको पहिचान, आंकलन तथा तिनको उल्लेखनीयता स्पष्ट प्रस्तुत गर्नु पर्दछः

**प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव**

**भौतिक प्रभावहरु**

| | पर्ने प्रभावहरु | तह निर्धारण परिमाण, सिमा, समयावधि, प्रत्यक्ष, अप्रत्यक्ष, (reversible/irreversible) |
|---|---|---|
| १ जमिन | | |
| २ वायु मण्डल | | |
| ३ पानी | | |
| ४ ध्वनी | | |
| ५ मानव निर्मित बस्तुहरु | | |
| ६ अन्य | | |

**जैविक प्रभावहरु**

| | | |
|---|---|---|
| १ वन/जंगलको क्षय | | |
| २ वनस्पति | | |
| ३ जीवजन्तु | | |
| ४ प्राकृतिक वासस्थान | | |

**सामाजिक-आर्थिक र संस्कृतिक क्षेत्रमा पर्ने प्रभावहरु**

| | | |
|---|---|---|
| १ जनसंख्या | | |
| २ समुदाय | | |
| ३) खेती योग्य जमिनको क्षय | | |

| | | |
|---|---|---|
| ४) मानव स्वास्थ्यमा पर्ने प्रभाव | | |
| ५) सामाजिक मूल्य मान्यतामा हुने परिवर्तन | | |
| ६) आर्थिक प्रभाव | | |
| ७) धार्मिक र सांस्कृतिक प्रभाव | | |
| ६) अन्य | | |

यसरी प्रस्तुत गर्दा प्रतिकूल प्रभावको साथै अनुकूल प्रभावलाई पनि उल्लेख गर्नु पर्दछ र प्रतिकूल प्रभावलाई न्यून गर्ने तर्फ बढी ध्यान दिनु पर्छ । यसरी प्रतिकूल तथा अनुकूल प्रभावहरुको मूल्यांकन गर्दा प्रस्तावको कार्यान्वयन गर्दा हुन सक्ने फाइदा वेफाइदा बारे अधिकतम जानकारी प्राप्त हुनेछ । स्वीकृत कार्य सूचीको आधारमा अध्ययन गरिएको विद्यमान वातावरणीय अवस्थामा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको अवधि, प्रकार र संवेदनशीलता सहिरुपमा प्रस्तुत गर्नु पर्दछ । यसैगरी प्रत्यक्ष वा अप्रत्यक्ष, संरक्षण उपायबाट हटाउन वा घटाउन सकिने वा नसकिने खालमा प्रभाव पहिचान एवं आँकलन गरी प्रतिवेदनमा यस्ता प्रभावको उल्लेखनीयता स्पष्ट उल्लेख गर्नु पर्दछ ।

## अध्याय ८ (बढीमा १० पृष्ठ)

**८. अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुः** कुनै पनि प्रस्तावमा सकारात्मक तथा अनुकूल प्रभावलाई अधिकतम गर्न कस्ता वातावरण् संरक्षणका कार्यहरु अवलम्वन गर्नु पर्दछ । ती अधिकतम गर्ने उपायह प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ ।

८.१ कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई हटाउन वा न्यून गर्न विशेष ध्यान दिनु पर्ने भएकाले पहिचान तथा आंकलन गरिएका प्रतिकूल प्रभावहरुलाई प्रतिवेदनमा छोटकरीमा तर प्रष्ट हुने गरी उल्लेख गर्नु पर्दछ । उल्लेख्य प्रतिकूल प्रभावहरुलाई हटाउने वा न्यून गर्ने उपायहरुलाई ३ प्रकार (क्षतिपूर्ति, सुधारात्मक वा प्रतिरोधात्मक) ले वर्गीकरण गरी उल्लेख गर्नु पर्दछ । न्यूनीकरणका उपायहरु भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा संचालन अवस्थाको लागि भनी वर्गीकरण गरी न्यूनीकरणका लागि जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा निम्नानुसारको म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ)

८.२ उल्लेख्य प्रतिकूल प्रभावहरुलाई हटाउने वा न्यून गर्ने उपायहरुलाई ३ प्रकारले वर्गीकरण गर्न सकिनेछ ।

क) क्षतिपूर्तिका उपायहरुको अवलम्वन (Compensatory Measures) : कम गर्न वा हटाउन नसकिने खालका प्रतिकूल प्रभावहरुको क्षतिपूर्तिका उपायहरुमा विशेष गरी देहायका क्रियाकलापहरु समावेश हुनुपर्छः

१) क्षतिग्रस्त प्राकृतिक स्रोतहरुको पुर्नस्थापना

२) हटाइने वस्तीहरुको पुनर्वास

३) प्रभावित व्यक्तिलाई क्षतिपूर्ति

ख) सुधारात्मक उपायहरुको अवलम्वन (Corrective measure): प्रतिकूल प्रभावहरुलाई कम गरेर स्वीकारयोग्य तहसम्म ल्याउनका लागी सुधारात्मक उपायहरु प्रयोग गर्नु पर्दछ । प्रस्ताव कार्यान्वयन गर्दा अपनाउनु पर्ने सुधारात्मक उपायहरु निम्न वमोजिम छनः

१) प्रदूषण नियन्त्रण उपकरणहरुको जडान

२) प्रदूषित पानी उपचार गर्ने संयन्त्रको निर्माण

३) बाँध तथा तटवन्धमा माछाहरु आवातजावत गर्न सक्ने बाटो (Fish ladder) को निर्माण ।

ग) प्रतिरोधात्मक उपायहरुको अवलम्वन (Preventive measures): निम्नलिखित प्रतिरोधात्मक उपायहरुको अवलम्वनद्वारा केही गम्भीर खालका प्रभावहरुलाई त्यस्ता प्रभावहरु देखा पर्न थाल्नु अगाडि नै कम गर्न वा निर्मूल गर्न सकिन्छ ।

१) स्वास्थ्य शिक्षा कार्यक्रमको कार्यान्वयन

२) जनचेतना कार्यक्रमको थालनी ।

३) सामाजिक सहयोग अभिवृद्धिकरणका उपायहरु

उपरोक्त संरक्षण्का उपायहरु भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा संचालन अवस्थाको लागि भनी वर्गीकरण गर्नुपर्दछ । यसो गर्दा प्रस्तावको कुन कुन अवस्थामा यी उपायहरु अवलम्बन गरिनु पर्ने हो भन्ने कुरा सजिलोसंग थाहा पाउन सकिन्छ । यी संरक्षणका उपायहरुलाई कार्यान्वयन गर्ने (प्रस्तावक) को जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा निम्नानुसारको म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ ।

**तालिकाः वातावरणीय प्रभावका तह निर्धारण र न्यूनीकरणका उपायहरु**

(प्रस्तावबाट वातावरणमा पर्न सक्ने प्रभावको परिमाण, सीमा र समयावधि (उच्च/वृहत-६०; मध्यम-२०; निम्न-१०), सीमा (क्षेत्रीय-६०; स्थानीय-२०; स्थलगत-१०) र अवधि (दीर्घकालीन-२० ; मध्यम-१०; अल्पकालिन-५) किटान गर्नुपर्दछ)

| प्रस्तावका कार्यहरु | वातावरणीय प्रभाव | प्रभावको तह निर्धारण | | | | | | | | न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | अनुकूल | प्रतिकूल | परिमाण | सीमा | अवधि | जम्मा अंकमान | |
| निर्माण अवधि | | | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

१.

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जैविक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| सामाजिक आर्थिक तथा सांकृतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| संचालन अवधि | | | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| जैविक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| सामाजिक आर्थिक तथा सांकृतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

प्रतिकूल प्रभावको स्तर अनुसार तय गरिएको अंकमान जोडी हरेक प्रभावको कूल अंकमान लेख्नुपर्नेछ ।

**तालिकाः अनुकूल प्रभाव अधिकतम तथा प्रतिकूल प्रभाव न्युनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी**

| वातातवरण संरक्षणका उपायहरु | कार्यन्वन हुने स्थान | कार्यन्वन हुने समय | अनुमानित रकम | कार्यन्वनको जिम्मेवारी |
|---|---|---|---|---|
| अनुकूल प्रभावहरु | | | | |
| १. | | | | |
| २. | | | | |
| प्रतिकूल प्रभावहरु | | | | |
| १. | | | | |

| | | | | |
|---|---|---|---|---|
| २. | | | | |

## अध्याय ९ (बढीमा १० पृष्ठ)

**९. वातावरणीय अनुगमनः कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावहरुको अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छः:-**

क) कानुनले तोकेका सिमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन

ख) वातावरणीय प्रभाव कम गर्न अपानाइएका उपायहरु वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएअनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न ।

ग) सम्भावित वातावरणीय क्षतिबारे समयमै सचेत गराउन ।

घ) पहिचान गरिएका तथा आंकलित प्रभाव वास्तविकता संग कति नजिक छन् भन्ने जानकारी लिन ।

**अनुगमनका प्रकारहरुः**

वातावरणीय प्रभावको अनुगमन देहायको अवस्थामा निम्न प्रकारले गर्नु पर्दछ

क) प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring): प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षहरुको सर्वेक्षण गरिनु पर्दछ । यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षहरुमा भएको परिवर्तन वारेमा थाहा पाउन सकिन्छ ।

ख) प्रभाव अनुगमन (Impact Monitoring): प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तनहरु पत्ता लगाउन आयोजना निर्माण र संचालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकहरुको मूल्यांकन गर्नुपर्दछ ।

ग) नियमपालन अनुगमन (Compliance Monitoring): यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धि निर्धारित मापदण्डहरुको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सुचकहरु वा प्रदूषणको अवस्था वारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राख्नु पर्दछ ।

**वातावरणीय अनुगमनका सूचकहरु (Indicators):** प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्यांक, पहिचान तथा आंकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव एवं वातावरण संरक्षणका उपायहरुलाई ध्यान दिई प्रस्तावकले पालना गर्नुपर्ने र वातावरणीय प्रभावको प्रभावकारीताको अनुगमन गर्न सूचकहरु प्रतिवेदनमा उल्लेख गर्नुपर्दछ । जस्तैः कृषि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावबाट जैविक विविधता, माटोको गुण, भूक्षयको मात्रा, जनस्वास्थ्य आदिमा प्रभाव पर्न सक्ने हुँदा यस्तो पक्षलाई सम्वोधन गर्ने गरी अनुगमनका सूचकहरु छनौट गरी प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

**अनुगमनको विधिः** उल्लेखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाउनु आवश्यक हुनेछ । यस्ता विधिहरु भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अवलम्वन गर्न सक्ने खालको हुनुपर्दछ ।

**अनुगमनको लागी समय तालिकाः** आयोजना निर्माण र संचालनका विभिन्न अवस्थामा अनुगमन गर्नुपर्ने भएकाले सूचकको प्रकृति हेरि वातावरणीय अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ ।

**अनुगमन गर्ने निकायः** वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७६ मा उल्लेख भएअनुसार वातावरणीय अनुगमनको लागि सम्वन्धित निकाय वा मन्त्रालय जिम्मेवार हुनेछ । यस अर्थमा कृषि क्षेत्रसंग सम्वन्धित प्रस्तावको हकमा कृषि विकास मन्त्रालयले अनुगमन गर्नेछ । ऊर्जासंग सम्बन्धीत हकमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले अनुगमन गर्नेछ । प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्न सक्नेछ, जस्लेगर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिनेछ । प्रतिवेदनमा कुनकुन सूचक क-कसले अनुगमन गर्ने भन्ने प्रष्ट खुलाउनु पर्नेछ । साधारण तथा घरिघरि गरिनुपर्ने अनुगमन प्रस्तावकले गरेको खण्डमा प्रभाव न्यूनीकरण छिटो र कम खर्चमा गर्न सकिनेछ । प्रस्तावको अनुगमन गर्ने जिम्मेवारी प्रस्तावककोमा निहीत रहनेछ । तर सो अनुगमनको प्रतिवेदन माथि सुपरिवेक्षण सम्बन्धीत मन्त्रालयले गर्नेछ ।

**अनुगमनको लागि अनुमानित रकम (Monitoring Cost):** प्रस्ताव कार्यान्वय (निर्माण र संचालन) को समयमा विभिन्न सूचकहरुको अनुगमन गर्न आवशयक पर्ने रकम पनि प्रतिवेदनमा खुलाउनु पर्दछ र यस रकम प्रस्तावकले मात्रै व्यहोर्ने हो वा अन्य स्रोतबाट पनि व्यहोरिने हो, सो पनि उल्लेख गर्नु पर्दछ ।

**तालिकाः अनुगमन सम्वन्धी विवरणलाई म्याट्रिक्सको रुपमा प्रस्तुत गर्दा बुझ्न सरल हुनेछ**

| अनुगमनका प्रकार | अनुगमनका सुचकहरु | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक अवस्थाको अनुगमन | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| प्रभाव अनुगमन | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| नियमपालन अनुगमन | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |

**अध्याय १० (बढीमा ५ पृष्ठ)**

१०.१ वातावरणीय संपरीक्षणः वातावरणीय परीक्षणका किसिम

१. निर्णय तहको संपरीक्षण

२. कार्यान्वयन संपरीक्षण

३. कार्यको प्रभावकारिता संपरीक्षण

४. आयोजना प्रभाव संपरीक्षण

५. आंकलन गरिएको प्रविधि संपरीक्षण

६. वातावरणीय प्रभाव मूल्यांकन प्रकृया संपरीक्षण

१०.२ वातावरणीय परीक्षणमा सामान्यतया तीन पक्ष संलग्न हुने गर्दछन्

- परीक्षक
- परीक्षित पक्ष (प्रस्तावसंग) सरोकार भएको
- तेस्रो पक्ष

१०.३ स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्थाको आधारमा वातावरणीय संपरीक्षण आन्तरिक वा बाह्य हुन सक्छ ।

- आन्तरीक परीक्षण
- बाह्य परीक्षण
- बाध्यकारी परीक्षण
- स्वैच्छिक परीक्षण

१०.४ संपरीक्षण प्रतिवेदनको ढाँचाः संपरीक्षणको उद्देश्य र क्षेत्र अनुसार यसको प्रतिवेदनको ढाँचा फरक हुन सक्छ, तथापि यसलाई तर्कसंगत रुपमा देहाय अनुसार प्रस्तुत गर्नु आवश्यक हुन्छ ।

| | |
|---|---|
| अध्याय १ | कार्यकारी सारांश |
| अध्याय २ | परीक्षण प्रशासनिक एवं परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष एवं परीक्षणका क्षेत्र र विधि यो अध्ययनमा समावेश गर्नु पर्छ । साथै, वातावरणीय अनुगमन, परीक्षणसंग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ । |
| अध्याय ३ | संपरीक्षणको पूर्ण विवरण |
| अध्याय ४ | आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझावहरु एवं सुधारात्मक कार्यहरु |
| अनुसूचीहरु | सम्बन्धित तथ्याङ्क एवं विवरण |
| संपरीक्षण गर्ने समूहमा समावेश हुनु पर्ने जनशक्ति | |
| प्रविधिकहरु | प्रस्तावसंग विषय मिल्ने विज्ञ |

| | |
|---|---|
| | वातावरण विज्ञ |
| | सामाजिक, आर्थिक, साँस्कृतिक विज्ञ |
| | प्रस्तावको क्षेत्र, किसिम र यसले पारेको प्रभावहरुको गाम्भीर्यताको आधारमा थप अन्य विज्ञहरु |
| वातावरणीय परीक्षण को लागी चेकलिष्ट | |
| १. भौतिक पक्ष | |

| | विवरण | आयोजनाको कृयाकलाप | अनुमान गरिएको प्रभाव | ह्रास प्रभाव | न्यूनीकरणका उपायहरु | प्रभावकारीता | सूचना | तथ्यांकको स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वायुको गुण | | | | | | | | |
| २ | पानीको गुण | | | | | | | | |
| ३ | ध्वानीको मात्रा | | | | | | | | |
| ४ | भू उपयोग | | | | | | | | |
| ५ | जलस्रोत | | | | | | | | |
| २. जैविक पक्ष | | | | | | | | | |
| | विवरण | आयोजनको कृयाकलाप | अनुमान गरिएको प्रभाव | ह्रास प्रभाव | न्यूनिकरणका उपायहरु | प्रभावकारीता | सूचना | तथ्यांकको स्रोत | |
| १ | वन जंगल | | | | | | | | |
| २ | वनस्पति | | | | | | | | |
| ३ | जिवजन्तु | | | | | | | | |
| ४ | गैरकाष्ठ | | | | | | | | |
| ५ | माछा | | | | | | | | |
| ६ | दुर्लभ एवं सकरोत्पन्न | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रजाती | | | | | | | | |
| ७ | सरक्षण क्षेत्र | | | | | | | | |
| ३ सामाजिक आर्थिक तथा सांस्कृतिक पक्ष | | | | | | | | | |
| | विवरण | आयोजनको कृयाकलाप | अनुमान गरिएको प्रभाव | ह्रास प्रभाव | न्यूनीकरणका उपायहरु | प्रभावकारीता | सूचना | तथ्यांकको स्रोत | |
| १ | शिक्षा | | | | | | | | |
| २ | कृषि | | | | | | | | |
| ३ | रोजगारी | | | | | | | | |
| ४ | बसाईँसराई | | | | | | | | |
| ५ | स्वाथ्य र सरसफाइ | | | | | | | | |
| ६ | वातावरणीय सौन्दर्यता | | | | | | | | |
| ७ | लैंगिक सवाल | | | | | | | | |
| ८ | धार्मिक तथा सांस्कृतिक स्थिति | | | | | | | | |
| ९ | सामाजिक स्थिति | | | | | | | | |

## अध्याय ११ (वढीमा २ पृष्ठ)

**११. निष्कर्ष तथा सुझावः**

**११.१ अध्ययनको निष्कर्षः** वातावरण संरक्षणका उपायहरु र वातावरणीय अनुगमनको कार्यान्वयनको पक्षमा प्रस्तावकको प्रतिवद्धता तथा अन्य अध्ययन को आवश्यकता पर्ने नपर्ने आदि प्रष्ट्याई निष्कर्ष मा राख्नु उपयुक्त हुनेछ । अध्ययनको निष्कर्ष र पुनरावलोकन समितीको राय सुझाव अनुसार वातावरण प्रभाव मुल्यांकनमा शर्तहरु समावेश गरिनेछ ।

**११.२. सुझावः** वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार पार्दा प्रस्तावकले परामर्शदाताको सहयोग लिएको र परामर्शदाताले सुझाव दिएको भए पनि प्रतिवेदनमा त्यस्तो सुझाव राखी स्वीकृतिको लागि पेश गर्न मिल्दैन, किनकि वातावरण संरक्षण नियमावली, २०७६ अनुसार

प्रस्तावकले नै प्रतिवेदन तयार गरी पेश गर्नु पर्दछ । यसमा सुझाव हैन, प्रस्तावकको प्रतिवद्धता झल्किनु पर्दछ । प्रस्ताव कार्यान्वयन गर्दा अन्य संस्था वा निकायबाट आवश्यक पर्ने सहयोगलाई उल्लेख गर्न सकिनेछ । प्रस्ताव कार्यान्वयनमा कुनै नीति, कानून वा मापदण्डले वाधा पुऱ्याउने अवस्था आएमा त्यस्ता वाधालाई कसरी फुकाउन सकिन्छ भन्ने वारेमा राय दिन सकिनेछ । साथै प्रतिवेदनमा नसमेटिएको तर थप अध्ययन आवश्यक पर्न सक्ने अवस्था यदि महसुस भएको छ भने सो पनि सुझावको रुपमा उल्लेख गर्न सकिनेछ ।

१२. **सन्दर्भ सामाग्रीः** प्रतिवेदन तयार गर्दा उद्धृत गरिएका सन्दर्भ सामग्रीहरुको प्रकाशनसम्बन्धी सूची निम्न लिखित आधारमा बनाउनेः

(क) लेखक,

(ख) प्रकाशित भएको मिति,

(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,

(घ) उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम,

(ङ) वर्ष, खण्ड, अंक आदि (भएको खण्डमा),

(च) पृष्ठ ।

ढाँचाः लेखकहरु, प्रकाशित भएको बर्ष ....., उद्धृत गरिएका सामग्रीको शीर्षक ..... उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम...., वर्ष, खण्ड (अंक), पृष्ठहरु।

१३.**अनुसूचीः** अनुसूचीमा देहायका कुराहरुसमावेश गर्ने-

(क) भू-वनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्शाहरु र फोटोग्राफहरु,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु,

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नवाली वा विषय वस्तुको सूची,

(घ) चार्ट, तथा चित्रहरु जस्ता वातावरणीय प्रभाव मूल्यांकनसँग सम्बन्धित कुराहरु,

(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्यांक (समयको आधारमा क्रमबद्घ गरी),

(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्यांक

(छ) भौगर्भिक तथा जोखिम मूल्यांकन तथ्यांक (प्राप्त गर्न सकिने भएमा),

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सन्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तरसम्बन्धी जानकारी,

(झ) वातावरण प्रभाव मूल्यांकन सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्घ रेखाचित्र,

(ञ) नक्शा, स्लाइड, रेकर्डहरु तथा भिडियो फिल्मजस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल, प्रयोग गर्ने मात्रासम्बन्धी तथ्यांक

(ठ) आमन्त्रित व्यक्तिहरुतथा सहभागिताहरुको सूची तथा सम्बन्धित संस्थाहरुबीचको छलफल, भेला र बैठकको रेकर्डहरु तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ड) वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा संस्थाहरुको नामावली,

(ढ) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाहरुको नाम,ठेगाना र टेलिफोन नम्बरहरु ।

(ण) प्रस्तावक र अध्ययन टोलीको स्वंय घोषणापत्र

(त) अध्ययन सम्बन्धित सार्वजनिक सूचना, मुचुल्का, सिफारिशपत्र, लिखित रायसुझावहरु, सार्वजनिक परामर्श बैठक र सार्वजनिक सुनुवाई सम्बन्धित कागजपत्रहरु ।

**पुनश्चः** वातावरणीय अध्ययनका कुनै पनि दस्तावेजहरु नेपाली भाषाको युनिकोडमा टापइ गरी लेखिएको हुनु पर्नेछ । फण्ट साइज १२ र तलमाथि १-१ ईन्च, बायाँ १.२ इन्च र दायाँ ०.५ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल व्याण्डिङ गरेको हुनु पर्नेछ ।

**अनुसूची-१३**

**सिफारिस-पत्रको ढाँचा**
**(नियम ८ संग सम्बन्धित)**

कार्यालयको नाम, ठेगाना                    कार्यालयको फोन नं.
कार्यालको छाप

मितिः

विषयः राय सुझावसहित सिफारिस गरिएको बारे ।

**श्री......................................कार्यालय/विभाग/मन्त्रालय**
**ठेगाना..............................................**
**वा**
**श्री------------------------(प्रस्तावक)**
**ठेगाना--------------------------**

प्रस्तुत विषयमा ........... कार्यालयको/विभागको/मन्त्रालयको मिति ..........................को प्रकाशित सूचना र/वा------ मितिको सार्वजनिक सुनुवाई अनुसार कार्यान्वयन हुने ....................................विषयको प्रस्तावबाट यस क्षेत्रमा निम्नानुसारको वातावरणीय प्रभाव पर्न जाने देखिन्छ ।

(क) सकारात्मक प्रभाव                    (ख) नकारात्मक प्रभाव

उल्लेखित प्रभावको आधारमा सकारात्मक प्रभावलाई वढोत्तरी र नकारात्कम प्रभावलाई न्यूनीकरण गर्ने वातावरणीय व्यवस्थापनको योजना कार्यान्वयन गर्दा उल्लेखित प्रस्तावको सकारात्मक प्रभाव बढी हुने वा नकारात्मक प्रभाव धेरै देखिएकोले उल्लेखित प्रस्ताव निम्न आधारमा कार्यान्वयन गर्न वा नगर्न मिल्ने व्यहोरा उल्लेख गरी यो सिफारिस गरिएको छ ।

| <u>प्रस्ताव कार्यान्वयन गर्न मिल्ने आधार</u> | वा | <u>प्रस्ताव कार्यान्वयन गर्न नमिल्ने आधार</u> |
|---|---|---|
| १.-------------------- | | १.--------------- |
| २.------------------- | | २.-------------- |
| ३.------------------- | | ३.--------------- |

दस्तखतः
नामः
पदः

वोद्यार्थः
श्री ---------------------------- कार्यालय/विभाग/मन्त्रालय

## अनुसूची-१४
## रणनीतिक वातावरणीय विश्वलेषणका आधारहरु तथा सिद्दान्तहरू
## (नियम १० को उपनियम (१०) संग सम्वन्धित)

**(क) आधारहरू**

(१) विश्वेषण एकीकृत (Integrated) रूपमा हुने ।

(२) दिगो विकासको अवधारणाद्वारा नेतृत्व (Sustainability-led प्रदान भएको ।

(३) विषय केन्द्रित (Focused) रहेको ।

(४) उत्तरदायित्वको प्रष्ट किटानी (Accountable) झल्किने ।

(५) सहभागितामूलक (Participative) प्रकृतिको ।

(६) पुनरावृत्तीय (Iterative) चरण पार गरेको ।

**(ख) सिद्दान्तहरू**

(१) रणनीतिक वातारणीय विश्वेषण परिवेश अनुकूल हुनुपर्ने (Assessing the Context) ।

(२) रणनीतिक वातावरणीय विश्वेषण दूरगामी पक्षलाई ख्याल गर्दै समग्र परिवेश, अन्तरक्षेत्र विषय र एकीकृत रूपमा रहनु पर्ने ।

(३) हालको स्थितिभन्दा प्रवृत्तिगत अवस्थाहरूको विश्वेषणमा आधारित भएर संवेदनशील विषयमा ध्यान केन्द्रित भएको ।

(४) टुक्रे निर्णयहरू भन्दा पनि व्यापक र दिगोपना गर्ने निर्णयलाई सघाउने ।

(५) वहुविधागत अवधारणा, सुशासन र सन्देश संप्रेषणात्मक हुनुपर्ने ।

(६) अनुगमन र पृष्टपोषणलाई आत्मसात गरेको हुनुपर्ने ।

(७) क्रिटिकल डिसिजन गर्नलाई सहयोग गर्ने ।

**अनुसुची-१५**

## वातावरण संरक्षण योजनाको ढाँचा
## (नियम ४३ संग सम्बन्धित)

१. योजनाको पृष्ठभूमि

२  योजनाको उद्‌देश्य

३. संरक्षणका मार्गदर्शक सिद्दान्तहरु

४. योजनाले समेट्ने क्षेत्र:-

(क) भौतिक, (ख) जैविक, (ग) रासायनिक, (घ) आर्थिक, (ङ) सामाजिक, (च) सांस्कृतिक (छ) राजनीतिक, (ज) भौगोलिक, (झ) जनशक्ति

५. सान्दर्भिक नीति, ऐन, नियमवाली, निर्देशिकाहरु

६. संरक्षण योजना ढांचा:

| विषयगत क्षेत्र | संरक्षणका | के के | कसरी | कहिले | कस्ले | अनुमानित | अनुगमन |
|---|---|---|---|---|---|---|---|

| | कृयाकलापहरू | गर्ने | गर्ने | गर्ने | गर्ने | जनशक्ति, वजेट, समय | तथा मूल्यांकन |
|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |

७. अपेक्षित उपलब्धिहरु

(क) भौतिक क्षेत्रमा प्राप्त हुने

(ख) सामाजिक क्षेत्रमा प्राप्त हुने

(ग) जैविक क्षेत्रमा प्राप्त हुने

(घ) अर्थतन्त्रमा प्राप्त हुने

(ङ) अन्य क्षेत्रमा प्राप्त हुने

८. प्रतिवेदन

९. विविध

**अनुसुची-१६**

**जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, विक्रिवितरण, विसर्जन र ओसारपसार गर्नको लागि ईजाजत प्राप्त गर्न वा नवीकरण गर्न भर्ने आवेदन फारम**

**(नियम १६ को उपनियम (१) संग सम्बन्धित)**

इजाजत प्राप्त वा नविकरण गर्न आवेदन दिनेकोः

१. नाम र ठेगानाः

२. इजाजत खोजिएको क्षेत्रः

क) संकलन ख) ओसारपसार ग) भण्डारण घ) प्रशोधन ङ) विसर्जन

३. नवीकरणको हकमा पहिले प्राप्त गरेको इजाजत संख्या र मितिः

४. प्रस्तावित कार्य गर्न तोकिएको स्थानको ठेगानाः

५. प्रस्तावित स्थानको वातावरणीय स्थितिः

६. जोखिमपूर्ण पदार्थको रासायनिक परिचयः

७. जोखिमपूर्ण पदार्थको अनुमानित परिमाणः

८. क्रियाकलापको विस्तृत विवरणः

९. प्रयोग हुने उपकरणको (प्रकार, क्षमता, संख्या आदि) विस्तृत विवरणः

हस्ताक्षरः

पदः

मितिः

**अनुसुची-१७**

**जोखिमपूर्ण पदार्थको संकलन/भण्डारण/प्रशोधन/विक्रिवितरण/विसर्जन/ओसारपसार गर्नको लागि ईजाजत-पत्र**

**(नियम १६ को उपनियम (२) संग सम्बन्धित)**

मितिः

श्री ............................ लाई ............................ क्षेत्रमा जोखिमपूर्ण पदार्थको उत्पादन/संकलन/ओसारपसार/भण्डारण/प्रशोधन/विसर्जन गर्न यो ईजाजत दिइएको छ ।
यो इजाजत पत्रको मिति ............. सम्म कायम रहनेछ ।

शर्तहरुः

१

२

हस्ताक्षरः

पदः

मितिः

**अनुसुची-१८**

**अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रत्येक आ.ब. विभागमा विवरण अद्यावधिक गर्दा खुलाउनु पर्ने विवरण**

**(नियम १६ को उपनियम (४) संग सम्बन्धित)**

१. उत्पादकको नाम र ठेगानाः

२. इजाजतपत्रको जारी मितिः

३. जोखिमपूर्ण पदार्थको विस्तृत विवरणः

क) भौतिक अवस्थाः

ख) रासायनिक अवस्थाः

ग) कूल परिमाण (आयातन/तौल)

४. जोखिमपूर्ण पदार्थको भण्डारण र प्रशोधनकोः

क) भण्डारणको मिति र तरीकाः

ख) प्रशोधनको मिति र तरीकाः

५. जोखिमपूर्ण पदार्थको ओसारपसारः

क) प्याकेजिङ्ग गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

ख) ओसार पसार गरिने जोखिमपूर्ण पदार्थको प्याकिङ्गको प्रकारः

ग) विसर्जन गरिने स्थानसम्म पुर्याउने ओसारपसारको किसिमः

घ) ओसार पसारको मितिः

६. जोखिमपूर्ण पदार्थको विसर्जनको विवरणः

क) विसर्जनको प्रकारः

ख) विसर्जन गरिने स्थानः

ग) विसर्जन गरिने तरीकाः

घ) विसर्जनमा संलग्न व्यक्ति वा संस्थाः

७. वातावरणीय अवस्थाको तथ्याङ्कः

क) तथ्याङ्क संकलन गरिएको मितिः

ख) भूमिगत जलको विश्लेषणः

ग) माटोको विश्लेषणः

घ) वायुको विश्लेषणः

ङ) जैविक वातावरणको विवरणः

च) अन्यः

**अनुसुची-१९**

**प्रदूषण नियन्त्रण प्रमाणपत्रको नमूना**
**(नियम २२ को उपनियम (५) संग सम्बन्धित)**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

## प्रदूषण नियन्त्रण प्रमाण-पत्र

मितिः

वातावरण संरक्षण नियमावली, २०७६ को नियम २३ अनुसार मिति ............. मा ........(निकाय)................मा दर्ता भई ....................................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकामा संचालनमा रहेको ................... प्रा. लि.लाई प्रदूषण नियन्त्रणका लागि गरेका कृयाकलापलाई कदर गर्दै यो प्रदूषण नियन्त्रण प्रमाण-पत्र प्रदान गरिएको छ ।

यो प्रमाण पत्र मिति .......................... सम्म कायम रहनेछ ।

शर्तहरुः

१

२

३

प्रमाणपत्र जारी गर्ने अधिकारीको
नामः
हस्ताक्षरः
पदः
मितिः

**अनुसुची-२०**

**अनुगमन तथा निरीक्षण प्रतिवेदनको ढाँचा**

**(नियम ४३ को उपनियम (५) को खण्ड (ग) संग सम्बन्धित)**

(१) अनुगमन तथा निरीक्षण प्रतिवेदनको कार्यकारी सारांश

(२) अनुगमनग तथा निरीक्षणमा संलग्न संस्था तथा विज्ञहरूको विवरण

(३) अनुगमन तथा निरीक्षणको विधि तथा प्रयोग भएका उपकरणहरुको विवरण

(४) अनुगमन तथा निरीक्षणका आधारहरूः

(क) ऐन, नियम, कार्यविधि, मापदण्ड

(ख) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन

(ग) अनुगमन गरिने उद्योग, कलकारखाना, यन्त्रजस्ता विषयसंग सम्वन्धित सान्दर्भिक आदेश

(घ) अनुगमन गरिने उद्योग, कलकारखाना, यन्त्रको यथार्थ स्थितिको विवरण

(५) अनुगमन तथा निरीक्षणका मानदण्डः

(क) वायुको स्थिति

(ख) जलीय स्थिति

(ग) माटोको स्थिति

(घ) ध्वनिको स्थिति

(ङ) घातक पदार्थको स्थिति

(च) प्रदूषण नियन्त्रको अवस्था

(छ मानव स्वास्थ्य सुरक्षाको अवस्था

(६) वातावरणीय जोखिमको अवस्थाः

(क) वायु प्रदूषणको मात्रा, फैलावट र अवधिको यथार्थ स्थिति

(ख) जलीय प्रदूषणको मात्रा, फैलावट र अवधिको यथार्थ स्थिति

(ग) जीवजन्त तथा वनस्पतिमा परेको वा पर्न सक्ने प्रतिकूल असरको स्थिति

(घ) मानव स्वास्थ्यमा परेको वा पर्न सक्ने प्रतिकूल असर तथा प्रभावको स्थिति

(७) वातावरणीय जोखिम न्यूनीकरण गर्न लिएका उपायहरुको लेखाजोखा

(पर्याप्त या अपर्याप्त के छ सो समेत उल्लेख गर्नुपर्ने)

(८) वातावरणीय जोखिम न्यूनीकरण गर्नका लागि आगामी दिनमा चालिनु पर्ने कदमहरुः

(क) नीतिगत/कानूनी/योजनागत/कार्यक्रमगत

(ख) पालना/सुधारात्मक/क्षतिपूर्ति/प्रतिस्थापन/हटाउने

(ग) दण्डात्मक

(९) सिफारिस, सुझाव तथा निष्कर्ष

(१०) सान्दर्भिक दस्तावेहरू, निर्णयहरु